ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २०, अङ्क ५२, २०८२ भदौ, पूर्णाङ्क २३२

निरन्तर २३२ औं अङ्क

दुप्चेश्वर महादेव

दुप्चेश्वर ६, गौचरण, नुवाकोट

मानव कल्याण समाज
Human Welfare Society

(सेवा घर)

"हुनेबाट सहयोग, नहुनेलाई उपयोग ।"

"तपाईको एक गाँस कसैको
एक छाक बन्न सक्छ ।"



"बेवारिसे सडकमानव मुक्त नगर,
सुन्दर पशुपतिको रहर ।"

"तपाई एक छाक खुवाउनुहोस, बांकी हामी जुटाउँछौं ।"

साथ र सहयोगको लागिः

सम्पर्कः ९८५१२७४८३०
९८५१२७४८३२
९८५१२७४८३४

स्थानः पशुपति क्षेत्र, बनकाली आश्रम

खाता नम्बरः ०१७०१५३३३०३१

सिद्धार्थ बैंक, कमलबिनायक शाखा

खाता नामः **Manab Kalyan Samaj**

"भोको पेटलाई भोजन सेवा,
सर्वोत्कृष्ट मानव सेवा ।"

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.ः ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क १२, २०८२ पूर्णाङ्क २३२

भदौ २०८२

आइतवार	१	८	१५	२२	२९
सोमबार	२	९	१६	२३	३०
मङ्गलबार	३	१०	१७	२४	३१
बुधवार	४	११	१८	२५	गौरी
बिहीबार	५	१२	१९	२६	गौरी
शुक्रबार	६	१३	२०	२७	गौरी
शनिवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

तव देवव्रतले भने त्यतिमात्र कुरा हो भने मेरो बाबुको शेषपछि सत्यवतीकै छोरा राजा बन्ने छन् । यो विश्वास दिलाउन चाहन्छु कि म राजगद्दीमा कदापि बस्ने छैन ।

राजकुमारको कुराले माझीको चित्त बुझेन र भविष्य सोचेर भन्यो- 'हे राजकुमार ! तपाई जस्तो शूरवीरका छोराहरू अवश्य पराक्रमी नै हुनेछन् । उनीहरूले सत्यवतीका छोरालाई हटाएर स्वयं राजगद्दीमा बस्न पनि त सक्छन् । यो कुरामा मलाई कसरी ढुक्क बनाउन सक्नुहुन्छ ?' उसको त्यस्तो कुराले देवव्रत असमञ्जसमा परे । त्यसको जवाफ दिन त्यति सजिलो थिएन । गम्भीर भएर पितृभक्त देवव्रतले भने- "यदि तिमीलाई त्यस कुरामा शङ्का छ भने म जीवनपर्यन्त विवाह नै गर्ने छैन, आजन्म ब्रह्मचारी नै रहने छु, त्यसपछि त मेरा सन्तान नै हुने छैनन् । अबत तिम्रो शङ्का निवारण भयो होला नि ?"

यस्तो भयङ्कर प्रतिज्ञा युवराजबाट हुनेछ भन्ने कसैले सोचेकै थिएन । माझी पनि आश्चर्यचकित भयो । देवता, यक्ष सबैले धन्य ! महावीर धन्य ! यस्तो भीष्म प्रतिज्ञा गर्ने आजसम्म कोही पनि जन्मिएको थिएन भन्दै आकाशबाट फूल बर्साएर स्वागत गरे । उनको नाम नै भीष्म रह्यो । त्यसपछि देवव्रतले सत्यवतीलाई आफ्नै रथमा राखेर दरवार पुऱ्याए । छोराले आफ्नो मनको कुरा बुझी सत्यवतीलाई दरबार ल्याएको देखेर शान्तनु ज्यादै खुसी हुँदै धुमधाम साथ विवाह गरेर सत्यवतीलाई भित्र्याए ।

समय वित्तै जादा सत्यवतीका दुई छोरा भए- चित्राङ्गद र विचित्रवीर्य । केही वर्षपछि राजा शान्तनुको मृत्यु भयो । चित्राङ्गद राजा भए । उनको पनि युद्धमा मृत्यु भएकाले विचित्रवीर्यले हस्तिनापुरको राजकाज सम्हाले । उनका दुई रानीहरू थिए- अम्बिका र अम्बालिका । केही समय पश्चात विचित्रवीर्यका पनि मृत्यु भयो । भीष्मले अपहरण गरेर ल्याएका काशीराजका छोरीहरू अम्बिकाबाट धृतराष्ट्र र अम्बालिकाबाट पाण्डुको जन्म भयो । धृतराष्ट्रका छोरा कौरव भनिए र पाण्डुका छोरा पाण्डव कहलाइए । शान्तनुको मृत्युपछि भीष्मले महाभारतको युद्ध पूरा नभएसम्म हस्तिनापुरको पूरै संरक्षण गरि नै रहे ।

भीष्मसँग अम्बाको शत्रुता

शान्तनुका छोरा चित्राङ्गद वीर हुँदाहुँदै पनि घमण्डी थिए । एक समयमा गन्धर्वसँगको लडाइँमा उनी गरिए । उनीबाट कुनै जायजन्म भएको थिएन । उनैका सहोदर भाइ विचित्रवीर्यलाई हस्तिनापुरको राजगद्दीमा राखियो, उनको उमेर सानै भएकाले उनी वयस्क नभएसम्म प्रतिनिधिका रूपमा राजकाज सम्हाले । विचित्रवीर्य वयस्क भएपछि भीष्मले उनको विवाह बनाए । त्यतिबेला काशीराजले आफ्ना छोरीहरूको विवाहका लागि बर गर्न देशदेशावरमा खबर पठाएका थिए । त्यो खबर हस्तिनापुरमा पनि आइपुग्यो । काशीराजका छोरीहरू अत्यन्त सुन्दरी थिए, त्यसैले देश देशान्तरबाट स्वयम्बरमा सम्मिलित हुन राजकुमारहरू काशी पुग्न थाले । स्वयम्बर कसले जित्ले भन्ने होड नै चल्यो ।

भीष्मको दुनियाँभरमा ठूलो प्रतिष्ठा थियो, उनको त्याग र तपस्याबाट सबै परिचित थिए । जब भीष्म स्वयम्वरको मण्डपमा प्रवेश गरे, त्यहाँका राजकुमारले के अन्दाज लगाए भने भीष्म स्वयम्वर हेर्न मात्र आएका होलान् । तर जब उनले स्वयम्वरमा सम्मिलित हुन नाम टिपाए, अरू राजकुमारहरू निराश भए । उनीहरू कसैलाई यो कुरा थाहा थिएन कि उनी आफ्ना लागि नभएर भाइको विवाहका लागि आएका हुन् भनेर ।

त्यहाँ धेरै टिकाटिप्पणी हुन लाग्यो । "भीष्मको आजन्म ब्रह्मचारी हुने प्रतिज्ञा के भयो ? भरत कुलका सर्वश्रेष्ठ विद्वान्, कीर्तिमानीले यो बुढेसकालमा स्वयम्बरका लागि अगाडि बढ्नु के उचित हो र ? यो के देख्नु पर्यो ?" भन्दै सबले हाँसो गरे । काशीराजका छोरीहरूले पनि बूढा भीष्मतिरबाट मुन्टो फर्काएर अगाडि बढे । भीष्म पराक्रमी वीर थिए । आफूलाई नाना तबरले खिस्सी गरेको र कन्याले समेत मुन्टो फर्काएको देख्दा उनमा अभिमान बढ्यो र त्यहाँ भएका राजकुमारहरूलाई आफूसँग युद्ध गर्न चुनौती दिए । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा- ३, तान्द्राङ, गोरखा

सम्पादकीय

तीजको मर्म

सनातन धर्ममा विभिन्न चाडपर्व मनाइने चलन छ । हरेक पर्वहरूको सम्बन्ध विभिन्न देवीदेवता तथा पितृहरूको व्रत, उपासना एवम् आराधनासँग जोडिएको हुन्छ । साप्ताहिक, पाक्षिक, मासिक, वार्षिक या सोभन्दा लामो समयमा आउने ती पर्वहरूले तद्‌तद् देवताहरूसँग सम्बन्धलाई निरन्तर कायम राख्न सहयोग गर्दछ । त्यसैले पर्व मनाउनुको मूल ध्येय देवता र पितृहरूप्रति सद्भाव एवम् सम्मान प्रकट गर्नु हो ।

हिजोआज चाडपर्वहरूलाई व्रत उपासनाभन्दा मनोरञ्जन र फेसनको रुपमा लिइने चलन बढेको छ । हरेक पर्वलाई भोजन र फेसनसँग जोडिनाले पर्वको मूल मर्म ओझेलमा परेको आभाष भएको छ । यसको ज्वलन्त उदाहरणको रूपमा तीज या हरितालिका पर्वलाई पनि लिन सकिन्छ ।

हरितालिका पर्व श्रीस्वस्थानी माता र भगवान् महादेवको उपासना गर्ने पर्व हो । सत्ययुगमा हिमालयकी पुत्री पार्वतीले महादेवसँग विवाह गर्ने इच्छा गरेको तर उनका माता पिताले भगवान् विष्णुसँग विवाह गराउन खोजेपछि साथीहरूले हरण गरी अज्ञात स्थलमा लुकाएका र त्यही अज्ञात स्थलमा बसी स्वस्थानी माता एवम् भगवान् शिवको व्रत उपासनाबाट उनको इच्छा पूर्ण भएकोले व्रतालुहरूको मनोकांक्षा पूरा हुने अपेक्षाले तीज पर्व मनाइने गरिएको कुरा स्कन्दपुराणमा उल्लेख छ ।

हरितालिका व्रतको अघिल्लो रात खाइने सात्विक खाना(दर) अहिले महिनौदेखि पार्टी प्यालेसमा खाइने तामसिक खानामा परिणत भएको छ । त्यसैले हिजो आज हरितालिका पर्व फेसन सो (गरगहना, कपडा प्रदर्शन) र अनेकौं परिकारका खाना खाने पर्वको रूपमा विकसित भएको छ । तीजको वास्तविक मर्म भुल्दै जानाले हिजोआज तीज पर्व 'हुनेलाई मोज र नहुनेलाई बोझ' बन्दै गएको छ । कुल जनसंख्याको झण्डै दुई तिहाइ मानिसहरू गरिबीको रेखामुनी रहेको अवस्थामा चाडपर्वहरू बोझ हुनु कदापि राम्रो होइन । तसर्थ तीज लगायतका पर्वलाई कालान्तरसम्म जोगाउने हो भने हाल देखिएका विकृति विसंगतिलाई निराकरण गर्दै मौलिक स्वरूपमा मनाउने प्रयत्न गरिनु जरुरी छ । अस्तु,

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

नदुखाऊ कवै मन — कृष्ण अधिकारी — ४

गीताज्ञान

कर्मयोग — आचार्य खेमराज 'केशवशरण' — ५

समसामयिक

महामन्त्र गायत्री — पं. वेदप्रसाद पन्त — ७

प्रेरक कथा

सच्चा भक्त — दिलीप पौड्याल — १०

आध्यात्मिक वार्ता

संन्यास तथा...... — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ११

समय-सन्दर्भ

षोडश श्राद्धः.... — सहप्रा. डा. विनु बाबा अर्याल — १३

कविता

आमा — भुवनराज सुवेदी (शास्त्री) — १८

चुड्का भजन

जय श्रीकृष्ण — सुरेशराज भट्ट — २०

व्रत/उपासना

श्रीमहालक्ष्मी व्रत — पं. मधुसूदन सुवेदी — २१

पुराण प्रसंग

सुद्युम्नको कथा — मोहनप्रसाद आचार्य — २३

इतिहास

नेपाल टु लिड द वर्ल्ड — गोपालकुमार मैनाली — २५

देश दर्शन

गुप्तेश्वर महादेव दर्शन — अर्जुन लामिछाने — २८

पुस्तक अंश — ३०

गतिविधि — ३४

नदुखाऊ कबै मन

-कृष्ण अधिकारी

असल सन्तानले कूल तार्छ गौरव् बढाउँछ ।
कल्याण अरूको गर्छ कीर्ति धेरै चढाउँछ ॥

राम्रा काम सबै धर्म, सुख कीर्ति बढाउँने ।
नराम्रा काम पापै हुन् दुख कष्ट गराउने ॥

कीर्ति जसले कमाएछन त्यो सधैं जीवितै हुने ।
धनका संग्रही व्यक्ति सवैबाट पतन हुने ॥

परोपकार पुण्यै हो पाप गर्ने सताउनु ।
आफ्नो कारणले अर्को दुःखदाही नदेखनु ॥

जन्मदाता पितामाता ज्ञानदाता गुरूजन् ।
यी सबै पूज्य हुन हाम्रा नदुःखाऊ कबै मन ॥

मातापिता र पुर्खामा देवतासरि मान्नुछ ।
गुरू र पाहुनालाई सक्दो आदर गर्नुछ ॥

चित्तसानो हुने भन्छन् मेरो र अरूको भनी ।
उदार मनले भन्छ विश्व नै वन्धु हुनभनी ॥

जन्मेको ठाउँ बाआमा यी दुवै हुन बरावरी ।
स्वर्गभन्दा पनि माथि मान्नुपर्छ सधैं भरि ॥

अध्यात्म अनि भौतिक यर्थार्थ ज्ञानले सब ।
असल मार्गैमा डोऱ्याउँछ अनुसरण गरौं अब ॥❖

-काठमाडौं

गीता तृतीय अध्याय

कर्मयोग



–आचार्य खेमराज केशवशरण

क्रमशः

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ।

तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ।३४।

अन्वयः इनिद्रयस्ये इन्द्रियस्य अर्थे रागद्वेषी व्यवस्थितौ । तयोः वशं न आगच्छेत् । तौ हि ह्यस्य परि–पन्थिनौ ।

सरलार्थः प्रत्येक इन्द्रियको प्रत्येक विषयमा मानिसका राग र द्वेष नियमित रूपले निवास गर्दछन् । ती दुवैको वशमा मानिसले कहिल्यै पर्नु हुँदैन । ती दुईटै मानिसका विघ्नकारी शत्रु हुन् ।

भावविशारदाः यस श्लोकमा इन्द्रियस्येन्द्रियस्य भनेर सम्पूर्ण इन्द्रिहरूका सम्पूर्ण विषयहरूमा रागद्वेष रहने कुरा बताइएको छ । शब्द, स्पर्श, रूप, रस, गन्ध, यी पाँच विषयहरू त पाँच ज्ञानेन्द्रियले अनुभव गर्ने विषय हुन् । मनले चिन्तन गरिने विषय पनि हुन्छन् । जसलाई मनले चिताइरहन्छ । यी सम्पूर्ण विषयहरू अनुकूल लागेका बेला तिनीहरूप्रति मानिसलाई राग हुन्छ । प्रतिकूल लागे भने त्यसबेला तिनमा द्वेष हुन्छ ।

जुन वस्तु, व्यक्ति, घटना, परिस्थिति मानिसलाई प्रिय प्रतीत हुन्छ, उसलाई त्यसमा राग हुन्छ । अनि जुन वस्तु, व्यक्ति, घटना, परिस्थिति मानिसलाई अप्रिय लाग्दछ त्यसप्रति द्वेष (घृणा) हुन्छ । जीवनमा अनुकूलता प्रतिकूलताका यी मानसिकताहरू ठाउँ खोज्दै आइरहन्छन् । ठाउँ पाए भने तिनले राग र द्वेषलाई पुष्ट पारिदिन्छन् र प्रियप्रति मोहित र अप्रियप्रति द्वेषपूर्ण बनेको मानिस आफ्नो लक्ष्यप्राप्तिमा पुग्ने क्रममा बीचैमा शिथिल हुन्छ ।

राग र द्वेषले मोह र घृणाको मानसिकतामा मानिसलाई घुमाउँदा घुमाउँदा बीचैमा कमजोर बनाइदिन्छन् । उसको प्रगतिको मार्ग नै अवरूद्ध हुन पुग्दछ । त्यसैले यहाँ राग र द्वेष मानिसका शत्रुको रूपमा बताइएका छन् । इन्द्रियहरूको विषयमा राग र द्वेष व्यवस्थित छन् । अर्थात् अकाट्य रूपले अवस्थित छन् । विषयहरू सामु परे कि इन्द्रियहरूको राग र द्वेष जागृत भइहाल्दछ । उदाहरणका रूपमा ब्युँभै रहेको कुनै पनि प्राणीको जिब्रोमा स्वादिलो बस्तुको स्वाद लिने प्रवृत्ति तुरून्त क्रियाशील हुन्छ । त्यस्तै रूपप्रति आँखा, शब्दप्रति कान, गन्धप्रति नाक, स्पर्शप्रति छाला तत्काल संवेदनशील बन्दछन् । यहाँसम्म कि निदाएका बेला पनि कसैले मीठो बस्तु मुखमा हालिदियो भने निदाइनिदाइ जिब्रोले ल्याप ल्याप चाट्न थाल्दछ । त्यस्तै तीतो अथवा पीरो वस्तु मुखमा हालिदियो भने तुरून्तै थुथु गर्दै भस्किएर उठ्न पुग्दछ । त्यसैगरी प्रत्येक इन्द्रियहरूको अनुकूल वस्तुमा राग र प्रतिकूल वस्तुमा द्वेष हुने गर्दछ ।

अनुकूल वदेनीयं सुखम् प्रतिकुलवेदनीयं दुःखम् भनेर सुख र दुःखको परिभाषा गरिएको छ । भगवान्ले यहाँ राग द्वेषको वशमा नपर्नु, ती त मानिसका शत्रु हुन् भनेर कृपापूर्ण मार्गदर्शन गर्नुभएको छ । सुख र दुःख अनुकूल र प्रतिकूल यी दुवै घाम छायाँ मात्र हुन् । यिनमा आसक्ति र घृणा राखेर अल्मलिनु हुन्न भन्ने कुरा भगवान्ले यहाँ संभ्काउनु भएको छ ।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्।

स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।३५।

अन्वयः स्वनुष्ठितात् परधर्मात् विगुणः स्वधर्मः श्रेष्यान्। स्वधर्मे निधनं श्रेयः परधर्मः भयावहः।

सरलार्थः राम्ररी अनुष्ठान गरिएको (आचरणमा ल्याइएको) अर्काको धर्मभन्दा गुणमा कमी नै रहेछ भने पनि आफ्नै धर्म नै श्रेष्ठ हुन्छ । मर्नै परे पनि आफ्नै धर्ममा मर्नु उचित हुन्छ । अरूको धर्म त भयावह हुन्छ ।

भावविशारदाः अर्जुनले श्रेयो भोक्तुं भैक्ष्यमपहीह लोके भनेर युद्धमा गुरूजनलाई मार्नु भन्दा बरू भिक्षा मागेर खानु मेरा लागि कल्याणकारी छ भनेका थिए । जुन कुरा अर्जुनका लागि परधर्मको अनुसरण थियो । उनी वीर क्षेत्रीय थिए, भिक्षा मागेर खानु तपस्वी ब्राह्मणको धर्म हो । त्यसैले स्वधर्म र परधर्मको प्रसङ्ग भगवान्ले यहाँ ल्याउनु भएको हो । अर्जुनका लागि आफ्नो क्षत्रीय प्रकृति अनुकूल

धर्मको निम्ति आह्वान भएको युद्धमा पिठ्युँ नफर्काई सो धर्म क्षत्रीधर्मको पालन गर्नु नै कल्याणकारी थियो । हो, त्यसमा हिंसा प्रतिहिंसा जस्ता खड्किने कुराहरू पनि थिए, भिक्षावृत्तिमा रहँदा यी सबै कुरा आइपर्ने थिएनन् । त्यसैले सरसर्ती हेर्दा त्यो युद्धभन्दा राम्रो देखिन्थ्यो । तर भगवान् भन्नुहुन्छ राम्रो देखिने परधर्म भन्दा केही कमसल देखिए पनि स्वधर्म नै कल्याणकारी हुन्छ । अरूको आमा सुन्दरी होलिन्, खाइलाग्दी देखिलिन्, तर आफूलाई माया गर्ने, लालनपालन गर्ने त कुरूप भए पनि, दुर्बल भए पनि आफ्नै आमा हुन्छिन् ।

स्वधर्मको रक्षा गर्‍यो भने त्यसैले आफ्नो रक्षा गर्दछ । परधर्मको अनुसरणले त मानिस घरको न घाटको हुन्छ । किनभने स्वधर्म आफ्नो प्रकृति संस्कार अभ्यास सबैबाट खारिएको हुन्छ, तर परधर्म चाहिँ अनुकरणको भरमा लिइएको हुन्छ । त्यसैले त्यो आफ्नो संस्कार प्रकृति अभ्याससँग भिजिसकेको हुँदैन । त्यसैले त जीवन नौकालाई संशय दुविधा र अन्नोलको भुमरीमा लगेर डुबाइदिन्छ त्यसैले परधर्म भयावह छ ।

यो यस प्रकरणको सान्दर्भिक व्याख्या भयो । टिकाकारहरूले स्वधर्म र परधर्मलाई लिएर अनेकौं सम्भाव्य अर्थहरूतिर पनि ध्यानाकर्षण गराएका छन् । त्यस्तै स्वधर्मको अर्थ आत्मा ये आत्म चेतन छ । प्रकृति र प्रकृतिजन्य शरीर आदि स्थूल पदार्थ अचेतन छन् । चेतन आत्माले आफूलाई चेतन आत्माका रूपमा अनुभव गर्नु स्वधर्म हो । आफूलाई शरीर जस्तै जड सम्फनु परधर्म हो । जसले स्वरूपबाट च्यूत गराएर संसारमा बारम्बार आइरहनु पर्ने हुन्छ ।

स्वधर्म भनेको आफ्नो वर्ण जाति कुल अनुसारको धर्म हो । त्यसैले त्यसमै रहेर जीवन बिताउनु कल्याणकारी हुन्छ । अरूको नक्कलपट्टि लाग्नु हुँदैन ।

स्वधर्म भनेको आफू जुन सम्प्रदायमा छ, त्यसैको कार्यहरूमा रहेर जीवन बिताउनु पनि हो । त्यसलाई उल्लंघन गरेर अरू सम्प्रदायको नक्कली बन्नुहुन्न । त्यसो गर्दा इष्टदेवको अवहेलना हुन्छ र पतन हुन्छ । इत्यादि अनेक पक्षलाई स्वधर्म र परधर्मको संकेतहरूले इङ्गित गर्दछन् । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

भदौ महिनाका पर्व तथा विदा

१ गते सिंह सङ्क्रान्ति
३ गते अजा एकादशी व्रत/विश्व फोटोग्राफी दिवस
४ गते प्रदोष व्रत
७ गते बुबाको मुख हेर्ने दिन/कुशे औंसी/मोतीराम भट्ट जन्मजयन्ती
८ गते गुंला पर्व समाप्ति
९ गते दर खाने दिन
१० गते हरितालिका तीज (महिला कर्मचारीहरूलाई मात्र)
११ वडा गणेश चतुर्थी/राष्ट्रिय धर्मसभा दिवस
१२ गते ऋषिपञ्चमी व्रत
१३ गते सूर्य षष्ठी
१४ गते महालक्ष्मी व्रतआरम्भ/गौरा सप्तमी
१५ गते राधा जन्मोत्सव/गौरा पर्व (सम्बन्धित समुदायलाई मात्र)/गोरखकाली पूजा/दुर्वाष्टमी
१८ गते हरिपरिवर्तिनी एकादशी व्रत
१९ गते वामन द्वादशी व्रत
२० गते प्रदोष व्रत
२१ गते इन्द्रजात्रा (काठमाडौं उपत्यका विदा)/अनन्त चतुर्दशी व्रत
२२ गते खग्रास चन्द्रग्रहण/पूर्णिमा व्रत
२३ गते सोह्रश्राद्ध प्रारम्भ (प्रतिपदा श्राद्ध)/अन्तर ाष्ट्रिय साक्षरता दिवस
२४ गते द्वितीया श्राद्ध
२५ गते तृतीया श्राद्ध
२६ गते चतुर्थी श्राद्ध
२७ गते पञ्चमी श्राद्ध/षष्ठी श्राद्ध
२८ गते सप्तमी श्राद्ध/प्राथमिक उपचार दिवस
२९ गते अष्टमी श्राद्ध/रविसप्तमी व्रत/राष्ट्रिय बाल दिवस/गोरखकाली पूजा
३० गते नवमी श्राद्ध/जितियापर्व (पर्व मनाउने महिलाहरूलाई बिदा)
३१ गते दशमी श्राद्ध

महामन्त्र गायत्री

पं. वेदप्रसाद पन्त

गायत्री मन्त्र संसारमै सर्वोत्कृष्ट मानिन्छ । महाभारत महाकाव्यमा गायत्री मन्त्रको सम्बन्धमा उल्लेख भएको छ ।

भगवान्का चौबीस अवतार मध्ये एक मानिने महर्षि वेदव्यासका बारेमा वायुपुराण लेख्छ –

अचतुर्वदनो ब्रह्मा द्विबाहुरपरो हरिः ।
अभाललोचन शंभुः भगवान् वादरायणः ॥

अर्थात् भगवान् वेदव्यासलाई चार मुख नभएका ब्रह्मा, चार हात नभएका द्वितीय हरि र तेस्रो नेत्र नभएका शम्भु (शिव) हुन् भनेको छ । यी नै वेदव्यासद्वारा रचित महाभारत महाकाव्य करिब ५००० वर्ष भन्दा पहिले प्रकाशित भएको थियो । यो महाभारत महाकाव्य प्रकाशन गर्ने संकल्प गरेपछि वेदव्यासले भगवान् शिवसँग अनुरोध गरी भन्नुभएको थियो– हे शिव ! मलाई महाभारत महाकाव्य प्रकाशन गर्ने चाहना भएकोले एकजना पाण्डुलिपी लेखिदिने सहयोगी उपलब्ध गराउनुहोस् । यति भनेपछि शिवले गणेशजीलाई महाभारत लेखी सहयोग गर भनेर आज्ञा दिनुभयो । शिवको आज्ञा शिरोपर गरी गणेशजीले भन्नुभयो– हजुरले आज्ञा दिएपछि मैले महाभारत अवश्य लेख्छु तर लेख्न थालेपछि विना विश्राम पूरा गर्न पाउनुपर्छ । यस कुरालाई महर्षि वेदव्यासले पनि स्वीकार गरी दुवै जना बसेर भन्न र लेख्न सुरू गरी विना विश्राम पूर्ण गरेका थिए । यसरी उल्लेख भएको महाभारत पूर्वीय साहित्यको प्रथम महाकाव्य, रामायण पछिको दोस्रो विशाल ज्ञानभण्डार भएको महाकाव्य हो ।

गायत्री मन्त्रको विषयमा भगवान् श्रीकृष्णले श्रीमद्भगवद्गीता अध्याय १० श्लोक ३५मा गायत्री छन्दसामहम् अर्थात् छन्दहरूमा म गायत्री हूँ भन्नुभएको छ । अतः गायत्री कृष्णसँग सम्बन्धित मन्त्र हो र यसको जप पनि भगवान् कृष्णकै गुणगान हो भन्न पनि सकिन्छ । हुन त श्रीकृष्णले श्रीमद्भगवद्गीता अध्याय १५ श्लोक १५मा वेदैश्च सर्वैरहमेव वेद्यो अर्थात् मेरो हृदयबाटै सम्पूर्ण वेदहरू प्रकट भएका हुन् भन्नुभएको छ । यस्तै ज्ञानोपदेशको सिलसिलामा महाराज युधिष्ठिरको प्रश्नको उत्तर दिँदै महाभारत महाकाव्यमा राजर्षि भीष्म पितामहले गायत्री महामन्त्रको विषयमा बताउनुभएको छ ।

गायत्री मन्त्र भगवान्को स्तुतिगानमात्र होइन । यो संसारमै सर्वोत्तम एवम् सर्वसिद्धिदायकमन्त्रसँगै ब्रह्माण्डको चेतनात्मक ऊर्जा पनि हो । सूर्यले बाहिरी जगत्लाई प्रकाशित गरे जस्तै यस्को विधिपूर्वक उपासना गर्नाले मानिसको भित्री हृदयलाई प्रकाशित गरिदिन्छ । त्यसैले यो बराबर शक्तिशाली मन्त्र यस संसारमा अरू कुनै छैन भन्दै महाभारतमा लेखिएको छ –

सावित्रीं चैव वेदांश्च तुलयातोलयन् पुरा ।
सदेवर्षिगणाश्चैव सर्वे ब्रह्मपुरः सराः ।
चतुर्णामपि वेदानां सा हि राजन् गरीयसी ॥

(म.अ.मे.प.अ.९२पेज १०१२)

अर्थात् प्राचीन समयमा देवताहरू र महार्षिहरू ब्रह्माजीका अगाडि बसी एउटा तुलामा गायत्री मन्त्र एकातर्फ र अर्कोतर्फ चारै वेद राखेर तौल गर्दा गायत्री नै बढी भारी भएकी थिइन् । यस्तो अचम्म देखेपछि महर्षि र देवताहरूले भनेका थिए–

यथा विकसिते पुष्पे मधु गृणन्ति षट्पदाः ।
एवं गृहिता सावित्री सर्ववेदे च पाण्डव ॥

(म.अ.मे.प.अ.९२पेज १०१२)

अर्थात् जसरी राम्रोसँग फुलेको पुष्पवाटिकाबाट भमराहरूले महत्त्वपूर्ण औषधिजन्य अमृतरूपी रस लिएर मिठो र गुणकारी मह तयार गर्छन् त्यस्तै चारवेदरूपी वगैँचाबाट साररूपमा लिइएको अमृतरूपी सावित्री (गायत्री) मन्त्र हो । त्यसैले यसको तुलना कहीँ कतै कसैसँग

हुन सक्दैन । महाभारतमा अगाडि भनिएको छ, जस्तो सम्पूर्ण ताराहरूमा प्रथम भगवान् सूर्य, अग्निहरूमा प्रथम जठराग्नि, सम्पूर्ण देवताहरूमा प्रथम प्रजापति (ब्रह्मा) भए जस्तै सम्पूर्ण विद्यामा प्रथम सावित्री (गायत्री) हुन् । सबै वेदका अक्षरहरूमा ॐकार प्रथम हो । यस्तै संसारको उद्धारको लागि उपासना गरिने गाथा गायत्री हुन् भने सम्पूर्ण छन्दहरूमा पनि गायत्री नै प्रथम हुन् ।

जुन मानिसले दैनिक विहान, मध्यान्ह र साँझ

विधिपूर्वक गायत्रीको उपासना (जप) गर्छ त्यसले वेदमयी गायत्रीरूपी डुंगाको सहारा लिएर आफूसँगै आफूलाई सहयोग गर्नेहरूलाई पनि उद्धार गर्दछ । जस्ले जप गर्नेहरू सबैलाई पवित्र गराउने गायत्री देवीको नित्य उपासना गर्छ त्यसलाई कुनैपनि पापले दुःखी बनाउन सक्दैन ।

ये चास्य दुःस्थिताः केचित् ग्रहाः सूर्योदयो दिवि ।
ते चास्य सौम्या जायन्ते शिवाः शुभकरास्तथा ॥

(म.अ.मे.प.अ.९२पेज १०११)

अर्थात् जस्का सूर्यआदि ग्रहहरू अनिष्ट स्थानमा रहेर हानिकारक भएका हुन्छन्, तिनीहरू पनि नित्य गायत्री उपासना गर्ने गर्नाले शान्त हुन्छन् । यस्तै जहाँ अति क्रूर कर्म गर्ने भयंकर विशालकाय पिशाचहरू रहन्छन् त्यस्तो स्थानमा पनि तिनीहरूले गायत्री उपासना गर्ने भक्तलाई केही गर्न सक्दैनन् । यस पृथिवीमा जन्मेर वैदिक व्रतहरूको आचरण गर्ने मानिसले अरू मानिसलाई पनि पवित्र गराउन सक्छन् । यस्तै यो चारै वेदको साररूप मानिने सर्वोत्तम मन्त्र गायत्री उपासना गर्ने मानिसले भने स्वभावैले मोक्ष प्राप्त गर्दछ ।

हे युधिष्ठिर ! जुन मानिसले ब्रह्मचर्यको पालन गर्दैन, वेदाध्ययन गर्दैन जस्ले खराव फल दिने कर्म गरेको छ त्यस्ता नाम मात्रका द्विजले पनि गायत्री जप गऱ्यो भनेदेखि त्यस्को प्रभावले पूज्य हुनसक्छ भने जसले सधैँ बिहान, मध्यान्ह र सायंकाल तिनै सन्ध्यामा विधिपूर्वक गायत्री उपासना गर्छन् उनका लागि त सम्पूर्ण स्वर्गका द्वार खुला हुन्छन् ।

भूर्भुवः स्वरिति ब्रह्म यो वेद निरतो द्विजः ।
स्वदार निरतो दान्तः स विद्वान् स च भूसुरः ॥

(म.अ.मे.प.अ.९२पेज १०१२)

अर्थात् जसले 'भूर्भुवः स्वः' यो व्याहृतिसहित गायत्री मन्त्र जप गर्दछ र वेदको नित्य स्वध्याय गर्दछ तथा पत्नीव्रतको पालन गर्छ त्यसैलाई जितेन्द्रिय, विद्वान् तथा भूमण्डलको देवता भनिन्छ । हे पुरुष सिंह ! जस्ले प्रतिदिन सन्ध्योपासना गर्दछन् । तिनीहरू अवश्य नै ब्रह्मलोक जान पाउँछन् । जस्ले कुनै पनि वेद पढेको छैन तर नियममा रहेर दैनिक गायत्रीउपासना गर्छ भने त्यसलाई श्रेष्ठ मानिस भनिन्छ किन्तु जस्ले चारैवेद पढेको छ, नियममा नरहेर सबैको अन्न खाने वेदसहित सबै कुरा बेच्ने गर्दछ त्यस मानिसलाई उत्तम मानिँदैन ।

तस्मात् तु सर्ववेदानां सावित्री प्राण उच्यते ।
निर्जीवा हीतरे वेदा विना सावित्रिया नृपः ॥

(म.अ.मे.प.अ.९२पेज १०१२)

अर्थात् सम्पूर्ण वेदहरूकी प्राण गायत्री हुन् । त्यसैले हे राजन् ! गायत्री विनाका सबै वेद निर्जीव हुन्छन् भने नियम, सदाचार र चरित्र भ्रष्ट द्विज चारैवेदको ज्ञाता वा विद्वान् भए पनि त्यो निन्दाको पात्र हुन्छ । चार वेदमा एउटा पनि वेद पढेको छैन तर शील र सदाचारले युक्त भएर गायत्री मन्त्र जानेर उपासना गर्दछ भने त्यसलाई श्रेष्ठ मानिस भनिन्छ ।

सहस्रपरमां देवीं शतमध्यां शतावराम् ।
सावित्रीं जप कौन्तेय सर्वपापप्रणाशिनीम् ॥

(म.अ.मे.प.अ.९२पेज १०१२)

अर्थात् प्रतिदिन एक हजार गायत्री मन्त्रजप गर्नु उत्तम मानिन्छ । प्रतिदिन सयमात्र मन्त्र जप गर्नुलाई मध्यम मानिन्छ भने दश मात्र मन्त्रको जप गर्नुलाई कनिष्ठ मानिएको छ । हे कुन्तिनन्दन ! गायत्री नै सबै पापको नाश गर्ने एकमात्र मन्त्र हो अतः तिमीले सधैँ गायत्रीको उपासना गर्ने गर ।

यानपात्रे च याने च प्रवासे राज वेश्मनी ।
परां सिद्धिमवाप्नोति सावित्रीं ह्युत्तमां पठन् ॥

(म.अ.शा.प.अ.१५०/६८)

अर्थात् आफ्नो कल्याण चाहने मानिसले पानी जहाज वा अरू कुनै सवारी साधनमा सवार गरिरहेको, परदेशमा गएको र राजदरवारमा प्रवेश गरेको समयमा पनि यो सर्वोत्तम गायत्री मन्त्र संझेर मनमनै जप गर्नाले परासिद्धि प्राप्त गर्दछ । यसरी गायत्री मन्त्र मनमनै जप गर्ने मानिसलाई राजा, पिशाच, राक्षस, अग्नि, पानी, वायु र सर्प आदिबाट कुनै प्रकारको भय रहँदैन । यस्तै विशेष गरी चारै वर्णाश्रमका मानिसहरूले उत्तम गायत्री मन्त्रको उपासना गर्नाले सदा सर्वदा परं शान्ति प्राप्त गरेर वैकुण्ठलोक जान्छन् ।

न तेषां विद्यते दुःखं गच्छन्ति परमां गतिम् ।
ये श्रृण्वन्ति महद् ब्रह्म सावित्री गुणकीर्तनम् ॥

(म.अ.शा.प.अ.१५०/७१)

अर्थात् यी महान् ब्रह्मसावित्रीको जहाँ गुणकीर्तन हुन्छ त्यहाँ गएर दत्तचित्त भई श्रवण गर्ने मानिसले पनि सम्पूर्ण दुःखबाट मुक्त भएर परम गति प्राप्त गर्नसक्छ ।

यो जपेत् पावनीं देवीं गायत्रीं वेदमातम् ।
नसीदेत् प्रतिगृह्णानः पृथिवीं च ससागराम् ॥

(म.अ.मे.प.अ.९२पे.१०११)

अर्थात् जस्ले पवित्र वेदमाता गायत्रीको भक्तिपूर्वक नित्य उपासना गर्छ त्यस मानिसले समुद्रसहितको सारा पृथिवी दान लिए पनि प्रतिग्रहको दोष लाग्दैन । त्यसका सबै पाप गायत्रीले नै समन गरिदिन्छिन् । जस्ले गायत्री मन्त्रको उपासना गर्दैन त्यस्ले प्रतिग्रह (दान)लियो भने त्यसले दान दिनेलाई पनि आफूसँगै नरकमा डुवाउँछ ।

ज्योतिष शास्त्र अनुसार आकाशमण्डलमा घुमिरहने नवग्रह र २७ नक्षत्रहरू छन् । मानव जीवनमा पनि यी नै ग्रह र नक्षत्रहरूको प्रभाव परिरहेको हुन्छ । प्रत्येक नक्षत्रका ४,४ पाउ हुन्छन् । २७*४ गर्दा १०८ हुन्छ भने १ माला पनि १०८ संख्याको हुन्छ । अतः दैनिक एकमाला जप गरे पनि जीवनमा शान्ति छाइरहन्छ भने दैनिक त्रि सन्ध्यामा ४*३ बराबर १२ माला जपगर्ने मानिसको इहलोक र परलोक पनि सुन्दर र शान्त हुन्छ । मानिसको जन्मकुण्डलीमा नवग्रह हुन्छन् भने तिनका भाव १२ हुन्छन् । ती भावलाई शुद्धगरी जागरित गर्नको लागि प्रत्येक भावको निमित्त २०००० दुई लाख गायत्री मन्त्र जप गर्नुपर्छ । १२ भाव*२ गर्दा २४०००० गायत्री मन्त्र जपिन्छ । यस जप विधिलाई गायत्री पुरश्चरण भनिन्छ । यो जप प्रक्रिया अत्यन्त कठिन र तपयुक्त प्रक्रिया हो । अतः यसरी गायत्री जप गर्नाले मानिसको भावशुद्धि भई नकारात्मक सोच हटेर सकारात्मक र आध्यात्मिक सोचको क्रमशः विकास हुँदैजान्छ । यसैबाट उसलाई सर्वसिद्धि प्राप्त हुन्छ ।

यस कलियुगको प्रभावले गर्दा अशान्त र अधैर्यपूर्ण बनेको मानव जीवनलाई सधैँ सन्मार्गतिर अभिप्रेरित गराई यस लोकमा सुखी र शान्त जीवनयापन गर्ने अवसर प्राप्त गर्न हामीले गायत्री मन्त्रको जपसँगै कृष्णकै उपदेश अनुसार फलको आश नगरी असल कर्म गरी यो लौकिक जीवन सफल गराउन र पारलौकिक आनन्दानुभूति प्राप्त गराउने एकमात्र साधन गायत्री महामन्त्र हो, अतः सबैले यस मन्त्रको उपासनामा गर्ने गरौँ ।❖

संस्थापक अध्यक्ष, विश्व विराट ज्ञान आश्रम, काठमाडौं

सच्चा भक्त

दिलीप पौड्याल

नारद भगवान् विष्णुका अति प्यारा भक्त हुन् । एक दिन उनको मनमा घमण्ड जाग्यो । यो ब्रह्माण्डमा मजस्तो भगवान्को प्यारो भक्त को हुन सक्छ ? जरूर पनि कोही हुन सक्दैन र छैन भन्ने उनलाई दृढ विश्वास थियो । नारदमा पलाउन थालेको घमण्ड बढ्यो भने त यसले अहित गर्छ भन्ने ठानेर भगवान् विष्णुले एक दिन नारदलाई बोलाएर भन्नुभयो 'तिमी मर्त्यलोकमा गएर मेरो सच्चा भक्तलाई भेटेर आऊ । उसलाई भेट्न पाउँदा तिमी पनि निश्चय नै खुसी हुन्छौ ।'

नारद आश्चर्यचकित भए । भगवान्को वचन काट्ने कुरै भएन । उनी भगवान्ले भनेअनुसार मर्त्यलोकको भक्तकहाँ पुगे । तर आश्चर्य, ती त एकजना सामान्य किसान रहेछन् । उनले किसानमा सच्चा भक्तको गुण खोज्न थाले ।

ती किसान बिहान उठ्नासाथ भगवान्को नाम लिँदा रहेछन् । त्यसपछि आफ्नो कुटो कोदालो लिएर खेतमा जाँदा रहेछन् । खेतमा नै विहानको भात खाँदारहेछन् । खाँदा भगवान्को कृपाले गर्दा मैले हात–मुख जोड्न पाएको छु भनी कृतार्थ हुँदारहेछन् । बेलुका खेतबाट जो सकेको अनाज, सागपात परिवारको लागि लिएर फर्किदा रहेछन् । साँझपख खाना खाएर सुत्ने बेलामा फेरि भगवान्को नाम लिंदारहेछन् । भगवान्ले भनेको सच्चा भक्तको दैनन्दिनी देखेर उनी अझै बढी अन्योलमा परे । कतै भगवान्ले भनेको र उनले ठेगानाअनुसार खोजेर पत्ता लगाएको व्यक्ति त अलग्गै होइन ! दिनमा तीन पटक भगवान्को नाम लिने व्यक्ति के सच्चा भक्त हुन सक्ला भन्ने कुराले उनलाई पिरोलिरह्यो । भगवान्ले जरूर पनि गलत ठेगाना दिनुभएछ भन्ने नारदलाई लाग्यो र सबै कुरा बताउन उनी वैकुण्ठ फर्के ।

नारद मर्त्यलोकबाट फर्केर आएको थाहा पाउनासाथ भगवान्ले उनलाई आफूकहाँ डाक्नुभयो । भगवान्ले सोध्न नपाउँदै नारदले मर्त्यलोकको तथाकथित सच्चा भक्तको बारेमा बेलिबिस्तार गर्दै, दिनभरि खेतमा कुटो कोदालो गरेर जम्मा तीन पटक भगवान्को नाम लिने व्यक्ति कसरी सच्चा भक्त हुन सक्ला भन्दै भगवान्को अगाडि आश्चर्य प्रकट गर्न थाले ।

भगवान्ले नारदको सबै कुरा सुनिसके पछि भन्नुभयो– 'नारद ! अब तिमीलाई एउटा काम दिन्छु, त्यो तिमीले पूरा गर्नुपर्छ । हेर यहाँ एउटा कचौरामा तेल छ, त्यसलाई एक थोपा पनि नखसालेर म बसेको घरको वरिपरि घुमेर मलाई भेट्न आऊ ।'

भगवान्ले भने जस्तै नारदले गरे । एक थोपा पनि तेल नखसालेर घर घुमिसकेपछि उनलाई आफ्नो सफलताप्रति गौरवानुभूति भयो र उनी हतारिँदै भगवान्कहाँ पुगे ।

नारद खुसी भएको देखेपछि भगवान्ले नारदलाई भन्नुभयो– 'नारद ! तिमीले दिएको कामलाई फत्ते त गर्‍यौ तर तिमीले त्यस बेला कति पटक मेरो नाम लियौ ?' नारद लज्जित हुँदै भन्छन्– 'भगवान् ! क्षमा रहोस् तेलको थोपा खस्ला भन्ने डरले सम्पूर्ण ध्यान त्यसैमा केन्द्रित गर्नुपरेकोले मैले त हजुरलाई सम्झनै सकिनँ ।'

त्यसपछि भगवान् विष्णुले मुसुक्क हाँस्दै नारदलाई भन्नुभयो– 'जाबो एक थोपा तेल खस्ला कि भन्ने पीरले तिमीले मेरो नामै लिन बिर्स्यौ, बिचरो त्यो गरिव किसान जसलाई घरको पूरा बोझ छ, के खाऊँ, के लाऊँ, केले पुऱ्याऊँ भन्ने सधैं चिन्ता छ उसले दिनको तीन पटक मलाई सम्झन्छ भने भन त को रहेछ सच्चा भक्त !' भगवान्को सत्य कुरा सुनेर नारदले लज्जाले शिर निहुराए ।

त्यसैले सुख, दुःख, हतार, फुर्सद जुन कुनै समयमा भगवान्लाई स्मरण गरिरहनु सच्चा भक्तको विशेषता हो । त्यस अतिरिक्ति आफ्नो अनुकुलतामा भगवान्को स्मरण गर्नु त स्वार्थ हो । भगवान्ले को स्वार्थी र को सच्चा भक्त सदा मूल्याङ्कन गरिहरनु भएको हुन्छ ।❖

(२०६१ असोज १–१५ गौरी आध्यात्मिक उत्कृष्ट संग्रहबाट)

श्रीरामकृष्ण तथा मायावाद

- श्री महेन्द्रनाथ गुप्त श्री 'म'

संन्यास तथा गृहस्थाश्रम । ईश्वरलाभ र त्याग ।

श्रीरामकृष्ण- मनदेखि नै सम्पूर्ण त्याग नभईकन ईश्वर पाइँदैनन् । साधु सञ्चय गर्न सक्दैनन् । भन्छन्, "पक्षी र फकिर यी दुवै सञ्चय गर्दैनन् ।" यहाँको त भाव यस्तो छ कि हातमा माटो लगाउनलाई पनि म माटो लिएर जान सक्तिनँ । पानदानमा पान लैजान सक्तिनँ । हृदयले जब मलाई धेरै कष्ट दिइरहेको थियो, त्यसबखत मलाई इच्छा लाग्यो, यहाँबाट काशीतिर हिँडूँ । तर सोचैँ, कपडा त लिउला परन्तु रूपैयाँ-पैसा कसरी लिउँला ? यसैले फेरि काशी जाने कुरा भएन । (सबै हाँस्छन्) (महिमासँग) तिमीहरू संसारमा छौ, तिमीहरू यो पनि राख्छौ अनि त्यो पनि राख्छौ र धर्म पनि ।

महिमाचरण- यो र त्यो दुवै कहिल्यै सँगै रहन सक्छन् के ?

श्रीरामकृष्ण- मैले पञ्चवटीनजिकै गङ्गाजीको किनारमा 'रूपैयाँ माटो हो', 'माटो नै रूपैयाँ हो', 'रूपैयाँ माटो हो' भनी विचार गर्दै जब गङ्गाजीमा रूपैयाँ फ्याँकेको थिएँ, पछिबाट केही डर पनि लाग्यो ! ठानैँ, कतै म विनालक्ष्मीको अभागी त हुन्न ? माता लक्ष्मीले कहीँ भोजन नै बन्द गरिदिनुभयो भने के होला ? तब हाजराको जस्तै पट्वारी बुद्धि आयो । भनैँ, "माता, तिमी हृदयमा बस्नु ।" एकजना मानिसको तपस्यामा सन्तुष्ट भएर भगवतीले भन्नुभएछ, "तिमी वरदान लेऊ ।" उसले भन्यो, "माता यदि हजुरलाई वरदान दिनु छ भने यही वर दिनुहोस् कि म नातिसँग सुनको थालीमा भोजन गरूँ । एउटै वरमा नाति, ऐश्वर्य, सुनको थाली सबै चिज भइगयो ।" (मानिसहरू हाँस्छन् ।)

"मनबाट कामिनी-काञ्चनको जब त्याग हुन जान्छ, तब ईश्वरतर्फ मन जान्छ, मन उहाँमा नै लिप्त पनि रहन्छ । जो बद्ध छ, उसैमा मुक्त हुने शक्ति पनि छ, ईश्वरबाट विमुख हुनाले नै उनीहरू बद्ध छन् । काँटाका दुई ओटा सुईहरूमा कहिले फरक पर्छ ? यो तबै हुन्छ, जब एउटा पल्ला केही भारले तल जान्छ, कामिनी र काञ्चन नै भार हुन् ।

बच्चा पैदा हुनासाथ किन रून्छ ? म जब गर्भमा थिएँ, तब योगमा थिएँ ।' भूमिष्ठ भएपछि यही भनेर रून्छ, "कहाँ यो-कहाँ यो-म कहाँ आएँ, ईश्वरको पादपद्महरूको चिन्ता गरिरहेको थिएँ, अब म कहाँ आएँ ? तिमीहरू मनैबाट त्याग गर, अनासक्त भएर संसारमा रहू ।"

महिमा- उहाँमाथि मन गए के फेरि संसार रहन सक्छ ?

श्रीरामकृष्ण- यो के ? संसारमा नरहे फेरि कहाँ जाने ? म देख्छु, म जहाँ रहन्छु, त्यो रामको अयोध्या हो । यो संसार नै रामको अयोध्या हो । श्रीरामचन्द्रजीले ज्ञान प्राप्त गरे पछि गुरूसँग भन्नुभयो, "म संसार त्याग गर्छु ।" दशरथले उहाँलाई बुझाउन वशिष्ठजीलाई पठाए । वशिष्ठले देखे, श्रीरामलाई तीव्र वैराग्य भएको छ । अनि भने, "राम पहिले मसँग केही विचार गर, अनि पछि संसार छोड्नु । अँ, प्रश्न यो हो, के संसार ईश्वरदेखि कुनै अलग वस्तु हो ? यदि यस्तो हो भने तिमी यसको त्याग गर्न सक्छौ ।

रामले देख्नुभयो, ईश्वर नै जीव र जगत् सबै थोक बन्नुभएको छ । उहाँकै सत्ताकै कारणले सबै कुरा सत्य लागेको हुन्छ । त्यस पछि श्रीरामचन्द्रजी चुप लाग्नुभयो ।"

"संसारमा काम र क्रोध यी सबैका साथ लडाइँ गर्नुपर्छ, कैयौँ वासनाहरूसँग सङ्ग्राम गर्नुपर्छ, आसक्तिहरूसँग भिड्नुपर्छ । तर लडाइँ किल्लामा बसेर गरेमा केही सुविधाहरू छन् । घरबाटै लड्नु राम्रो हुन्छ । भोजन पाइन्छ, धर्मपत्(नीले पनि निकै सघाउँछिन् । कलिकालमा प्राण अन्नगत हुन्छ, अन्नका लागि दश ठाउँमा भड्किएर घुम्नुको सट्टा एकै ठाउँमा बस्न पाउनु नै राम्रो हो । घरमा किल्लाभित्र रहेर लड्नु राम्रो हो ।"

"अनि संसारमा आँधीमा उडेको जुठो टपरीसरह रहू । जुठो टपरी आँधीमा परेर कहिले घरभित्र आउँछ त कहिले नालीमा । हावाको दिशा जता हुन्छ, टपरी पनि त्यतैतर्फ उड्छ । कहिले राम्रो ठाउँमा पर्छ त कहिले नराम्रो ठाउँमा । तिमीलाई यसबखत उहाँले संसारमा राख्नुभएको छ । बेसै छ, यसबखत यहीँ रहू । फेरि जब यहाँबाट उठाएर राम्रो ठाउँमा लैजानु होला, तब जो होला सो हुँदै गर्ला ।"

"संसारमा राखिदिनुभएको छ, त के गर्ने त ? सबै कुरा

उहाँलाई अर्पण गरिदेऊ। उहाँलाई आत्मसमर्पण गरिदियौ भने कुनै झन्झट रहन जान्न। त्यसबखत देखौला उहाँले नै सबै कुरा गरिरहनुभएको छ। सबै 'रामकै इच्छा' हो।"

एक भक्त– 'रामकै इच्छा!' यो कस्तो उखान हो ?

श्रीरामकृष्ण– कुनै गाउँमा एउटा जुलाहा बस्थ्(यो। ऊ बडो धर्मात्मा थियो। सबैलाई उसमाथि विश्वास थियो र सबै जना उसलाई माया पनि गर्थे। जुलाहा बजारमा कपडा बेच्ने गर्थ्यो। किन्ने मान्छेले ऊसँग मोल सोध्यो भने भन्थ्यो, "रामका इच्छाले धागोको दाम भयो एक रुपैयाँ, मिहिनेत चार आनाको, रामका इच्छाले नाफा दुई आनाको र सबै मिलाएर रामको इच्छाले भयो एक रुपैयाँ छ आना। मानिसहरूलाई ऊप्रति यतिविधि विश्(वास थियो कि उसैबखत पैसा दिएर कपडा किन्थे। त्यो जुलाहा ठूलो भक्त थियो, राति भोजन गरिसकेपछि धेरै बेरसम्म चण्डी मण्डपमा बसेर ईश्वर-चिन्तन गर्ने गर्थ्यो। ईश्वरको नामगुणको कीर्तन त्यही गर्थ्यो। एक दिन धेरै रात बितिसकेको थियो तैपनि उसलाई आँखा लागेको थिएन, बसिरहेको थियो, कहिले-कहिले तमाखु तान्थ्(यो। उसैबखत त्यही बाटो भएर डाँकुहरूको एउटा डफ्फा डाँका मार्न जाँदै थियो। तिनीहरूलाई एकजना भरियाको कमी थियो।

उसलाई देखेर उनीहरूले हकारे, "ए! हामीसँग हिँड्।" उनीहरूले उसको हात पक्रेर आफूसँग लिएर गए। अनि एकजना गृहस्थकहाँ उनीहरूले डाँका मारे। केही सामान तिनीहरूले त्यस जुलाहालाई बोकाए, यत्तिकैमा पुलिस आइपुग्यो, डाँकुहरू त भागिहाले, खाली टाउकामा गठरी बोकेको त्यस जुलाहालाई पुलिसले पक्रियो। त्यस राति त्यसलाई जेलमा हालियो। भोलिपल्ट मेजिस्ट्रेटका अगाडि उसलाई उभ्याइयो। गाउँका मानिसहरू पनि मुद्दा सुन्न कोर्टमा हाजिर भएका थिए। ती सबैले भने, "हजुर, यो मान्छेले कहिले पनि डाँका मार्न सक्दैन।" यो सुनेर हाकिमले जुलाहालाई सोधे, "ए क्या हो, तिमीले के गरेको हो ? बताऊ।" जुलाहाले भन्यो, "हजुर रामको इच्छाले मैले रोटी खाएँ।

यसपछि रामको इच्छाले चण्डी माण्डपमा बसिरहेको थिएँ। रामको इच्छाले रात धेरै भएको थियो। म रामको इच्छाले उहाँको चिन्ता गरिरहेको थिएँ र उहाँको भजन गर्दै थिएँ। त्यसैबखत रामका इच्छाले डाँकुहरूको एउटा दल त्यही बाटो भएर आउँदै थियो। राम इच्छाले तिनले मलाई पक्रेर घचेट्दै लिएर गए। रामकै इच्छाले उनीहरूले एक गृहस्थको घरमा डाँका मारे। रामकै इच्छाले मेरो शिरमा गट्ठर लादिदिए। यत्तिकैमा रामकै इच्छामा पुलिस आइपुग्यो र रामको इच्छाले म पक्रिएँ, त्यसपछि मलाई रामकै इच्छाले जेलखानामा पुलिसले बन्दी गरिदियो। आज बिहान नै रामको इच्छाले पुलिसले हजुरको अगाडि ल्याएको छ।"

उसलाई धर्मात्मा देखेर साहेबले छोडिदिने आज्ञा दिए। जुलाहाले बाटोमा आफ्ना मित्रहरूसँग भन्यो, "रामकै इच्छामा म छोडिएँ।" संसार गर्नु, संन्यास लिनु यी पनि सबै रामकै इच्छाले हुन्छ, यसैले उहाँमाथि सबै भार सुम्पेर संसारको काम गर्नुपर्छ। नभए अरू केही गर्छौ भने पनि, के गर्छौ ?" "कुनै कर्मचारीलाई जेलको सजाय भयो। म्याद पुगेपछि उसलाई जेलबाट मुक्त गरिदिइयो। अब भन ऊ जेलबाट निस्किएपछि आनन्दसाथ नाची मात्रै रहने हो या फेरि जागिर खाने हो ?"

"संसारी यदि जीवनमुक्त भयो भने ऊ अनायास नै संसारमा रहन सक्छ। जसलाई ज्ञान-प्राप्ति भएको छ, उसल(ाई यहाँ त्यहाँ भन्ने नै छैन। उसका लागि सबै बराबर छ। जसको मनमा उहाँ छ, उसको मनमा त्यहाँ पनि छ।"

"जब मैले पहिले-पहिले केशव सेनलाई जयगोपालको बगैँचाघरमा भेटेको थिएँ, भनेको थिएँ, "यसको पुच्छर झरेको छ!" सभाभरिका मान्छे हाँसे। केशवले भने, "तिमीहरू नहाँस, यसको केही अर्थ होला, म यिनीसँग सोध्छु।" मैले भनेँ, "जबसम्म भ्यागुताको बच्चाको पुच्छर खस्दैन, तबसम्म उसलाई पानीमा नै रहनुपर्छ, ऊ किनारामा पुगेर सुक्खा जमिनमा उफ्रन सक्दैन, जसै उसको पुच्छर खस्छ, त्यसैबखत नै उफ्रेर जमिनमा आउँछ। त्यसपछि ऊ पानीमा बस्न सक्छ र जमिनमा पनि।

उसै गरी मानिसको पनि जबसम्म अविद्याको पुच्छर खस्दैन, तबसम्म उसलाई संसाररूपी जलमा नै रहिरहनुपर्छ। अविद्यारूपी पुच्छर खसेपछि, ज्ञान भएपछि नै मुक्त भावमा मानिस विचरण गर्न सक्छ र इच्छा भएमा संसारमा पनि रहन सक्छ। क्रमशः

श्रीरामकृष्णवचनामृतबाट अनुदित

अनुवादकः प्राडा. शङ्करराज पन्त, मैतीदेवी

षोडश श्राद्धः पितृहरूको सम्मान

– सहप्रा. डा. विनु बाबा अर्याल

सनातन परम्पराले आफ्नो अंशभूत सनातन जीवात्माहरूको सनातन अभ्युदय र निःश्रेयस परमपद प्राप्त गराउनका निमित्त जुन सनातन मार्गको निर्देशन गरेका छन् तदनुकूल कार्य नै वैदिक सनातन संस्कृति हो। यो वैदिक सनातन संस्कृति नै सम्पूर्ण संस्कृतिको जननी हो। वैदिक संस्कृतिले सबैलाई आफ्नो धर्म र संस्कृतिमा रहने निर्देश गर्दछ।

वेद हाम्रो मान्यता हो। वेद सम्पूर्ण विश्वका निम्ति पनि महान नीति हो; सबै विद्याको उद्‌गम स्थल हो, सामाजिक व्यवस्थाको मार्गदर्शक हो। वेद सच्चरित्रताको शिक्षक हो। यसले देवकार्य, पितृकार्य, मातालाई देवता, पितालाई देवता, आचार्यलाई देवता, अतिथिलाई देवता मान्न सिकाउँदछ। यस अतिरिक्त जुन शिष्टाचार रूपी कर्म छन्, ती कर्म सेवनीय (अनुकरणीय) छन् भने तिनको पालन गर्न सिकाउँदछ। यसरी यो वेद कुमार्गगामीहरूको उपदेशक र सन्मार्गको प्रवर्तक छ। वेदले विधान गरेको सत्कर्महरू धर्म हो भने असत्कर्म अधर्म हो।

मनुस्मृतिमा आचारः प्रथमो धर्म भनिएको छ। सदाचार नै प्रथम धर्म हो। धर्मले जीवनको लक्ष्यलाई आदर्शतिर अभिप्रेरित गरेको छ। धर्मको नैतिकता र सदाचारसँग सोझै सम्बन्ध हुन्छ। नैतिकता र सदाचार कानूनमा परिभाषित गरिएको हुँदैन। परिभाषित गर्न खोजिए पनि त्यो पूर्ण बन्न सक्दैन। त्यसैले हामी हिन्दु मात्र होइनौं। हाम्रो आदि धर्म वैदिक सनातन संस्कृति हो।

जीवन त्यही हो, जो कल्याण र करूणाका उद्देश्यपरक रहेर बाँचिएको हुन्छ। प्राण धारण त पशुहरू पनि गरिरहन्छन्। दैनिक प्रक्रिया तिनका शरीरमा पनि चलिरहन्छ। उद्देश्यपरकता अर्थात् करूणावादी सामाजिक चेतनाले पशुबाट मानिसलाई छुट्याउँदछ। त्यसको निम्ति मूल्यको अनुसरणमा आधारित जीवन दर्शन चाहिन्छ। त्यो दर्शनले मात्र आदर्श प्राप्त गर्छ।

हिन्दु जीवन दर्शनले धर्म, अर्थ, काम र मोक्षलाई जीवनका चार पुरूषार्थ मानेका छन्। यिनको वास्तविक अर्थ यस प्रकार हुन आउँछ- धर्म भनेको सत्मार्गमा हिँड्नु हो। अर्थ भनेको सत्यको अर्थ बुझेर त्यस अनुरूप हुनु हो। काम भनेको सत्कार्य मात्र गर्नु हो। यी तीनै पुरूषार्थ भएपछि जीवनको लक्ष्य प्राप्ति हुन्छ। मोक्ष भनेको जन्म, जरा र मरणको चक्रबाट सदाको लागि मुक्त हुनु हो। यस्तो संस्कृति भित्र रहेर जीवनले दिएको उद्देश्यप्रति त्यो सम्बन्धित दृष्टिकोण आज पनि हिन्दुहरूको परिचायक रहिआएको छ।

धार्मिक हुनु भनेको उत्कृष्ट भएर सकेसम्म धार्मिक प्रथाहरू पालन गर्नु हो। श्रेष्ठ आचरणले मन शुद्ध पार्दछ र भक्तिले ईश्वरतिर आकृष्ट गर्दछ। धार्मिक कार्यक्रमलाई विस्तृत रूपमा पाँच भागमा विभाजन गर्न सकिन्छ। जसलाई पाँच महायज्ञ भनिन्छ–

१. ब्रह्मयज्ञः ईश्वर वा इष्टदेवलाई अर्पण गरिन्छ।

२. देवयज्ञः पारिवारिक र स्थानीय देवीदेवताहरूलाई अर्पण गरिन्छ।

३ पितृयज्ञः पूर्वजहरूको लागि गरिन्छ।

४. मनुष्ययज्ञः मानवतातिर निर्देशित हुन्छ।

५. भूतयज्ञः रूख, जनावर, चरा र तल्लो जीवहरूको सेवा हो।

यी पाँच यज्ञ अभ्यास गर्नाले हिन्दुहरूलाई अरू जातिहरूबाट अलग पार्दछ।

जीवन बुझ्न मृत्युलाई बुझ्नुपर्दछ। मृत्यु विरूद्ध संघर्ष गर्न मृत्युको रूपलाई ठहऱ्याउनु आवश्यक हुन्छ। महाभारतको उद्योग पर्वमा सनत्कुमारले यस संसारमा

मृत्यु छैन भन्ने दर्शन प्रस्तुत गरेका थिए । त्यो ज्ञानले मृत्यु भयबाट मुक्ति समेत प्रदान गर्दछ । प्रत्येक प्राणीको जीवनको अन्त्य अनिवार्य छ । पूर्वजन्मको अवधारणा जीवनको मुक्ति दर्शनबाट निस्केका वेदान्ती अवधारणा हुन् । शरीरको अन्त्य हुनुलाई नै मृत्यु भनी स्वीकार गर्न हिन्दुत्वले त्यति सारो चाहेन । भगवत गीताको श्लोकहरूले यस विषयमा प्रष्ट रूपमा आत्माको अमरत्वलाई स्वीकारेका छन् ।

ऋषिहरूले हजारौं वर्षको साधना, तपस्या र योगादि बलले प्राप्त गरेका हुन् यो । पितृहरू पितृलोकमा नभएर मनुष्य आदि स्थूल शरीरको योनीमा पुगेका छन् र श्राद्धमा सूक्ष्म रूपले प्रवेश गर्न सक्दैनन्, तापनि श्राद्धमा दिएको श्रद्धान्नलाई वसु, रूद्र र आदित्यले आकृष्ट गरेर स्थूल शरीरधारी पितृहरूलाई योगरूपमा पुऱ्याइदिन्छन् । दिवंगत पितृहरूको उद्धार एवम् तृप्तिका लागि श्रद्धापूर्वक यथाविधि सम्पन्न गरिने सुकर्मलाई श्राद्धको संज्ञा दिइन्छ । श्रद्धया दिइयते इति श्राद्ध । अर्थात् श्रद्धाले गरिने कामलाई श्राद्ध भनिन्छ । महर्षि मरीचिको पनि श्राद्ध सम्बन्धी यस्तै परिभाषा पाइन्छ–

प्रेतान् पितृंश्च निर्दिश्य भोज्यं यत्प्रियमात्मानः ।
श्रद्धया दीयते यत्र, तच्छ्राध्दं परिचक्षते ॥

अर्थात् जहाँ प्रेत र पितृहरूलाई उद्देश्य गरी आफन्तजनहरूलाई भोजन गराउने तथा श्रद्धापूर्वक दिने अर्पण गर्ने काम गरिन्छ, त्यसलाई श्राद्ध भनिन्छ । श्राद्धमा धर्मशास्त्रले श्रद्धा र पवित्रतालाई ठूलो महत्त्व दिएका छन् । दिवंगत पितृहरूको उद्धार एवम् तृप्तिका लागि श्रद्धापूर्वक यथाविधि सम्पन्न गरिने सुकर्मलाई श्रद्धाको संज्ञा दिइन्छ । पितृहरूलाई उद्देश्य गरेर उनीहरूको कल्याणको निम्ति श्रद्धापूर्वक दूध, घिउ र महका साथ भोज्य वस्तु दान अथवा तद्सम्बन्धी पदार्थ श्रद्धापूर्वक ब्राह्मण आदिलाई प्रदान गर्नुलाई श्राद्ध भनिन्छ ।

तीन पितृ खासगरी पिता, पितामह र प्रपितामहलाई विशेष रूपमा लिइएको छ । आफ्ना मृत पितृगणहरूका उद्देश्यले श्रद्धापूर्वक गरिने कर्म विशेषलाई श्राद्ध भनिन्छ । वैदिक सनातनका विद्वान्हरूको रायमा परलोक गएका मातापिताहरूलाई तृप्तिका निम्ति पिण्डदान गर्नु प्रत्येक वैदिक सनातन वर्णाश्रम धर्मानुयागीहरूले कर्तव्य मान्दछन् । सकेसम्म सदैव अन्यथा वर्षभरिमा वा सोह्र श्राद्धमा र क्षयाह तिथिमा पिण्डदान गर्ने दृढ आस्था हाम्रो मुख्य विशेषता हो ।

आश्विन कृष्ण प्रतिपादादेखि औंशीसम्मको अवधि पितृपक्षको रूपमा प्रसिद्ध छ । १६ दिनको हुने हुँदा यसलाई सोह्र श्राद्धको पक्ष भनिन्छ । नेपाली भाषामा अपभ्रंश भएर बोलचालमा 'सोह्र श्राद्ध' भन्ने गरिन्छ । यस अवधिभित्र आमाबाबु दुवै नहुने या दुईमध्ये एक नहुनेहरूले दिवंगतको कल्याणको लागि तर्पण, श्राद्ध, सिदादान आदि गर्ने प्रचलन छ । अघिपछि दिवंगत भएका पितृहरूको तिथि परेको दिन गरिने श्राद्ध एकोदिष्ट विधिले गरिन्छ । पिताको मृत तिथिमा पिता, पितामह तथा प्रपितामह तिनैलाई उद्देश्य गरेर उनीहरूलाई पिण्ड दिनु 'पार्वणश्राद्ध' हो । मातापिताको अतिरिक्त पितातर्फको तीन पुस्ता, मातातर्फको तीन पुस्ता, मामली हजुरबातर्फको तीन पुस्ता र मामली हजुरआमातर्फको तीन पुस्तालाई तर्पण सहित पिण्डदान गर्ने विधान छ । यस अतिरिक्त पार्वण श्राद्धमा नातागोता नजिकको सम्बन्ध पर्ने अन्य सम्बन्धीहरू जस्तै काका–काकी, दाजु–भाइ, दिदी–बहिनी, फुपू, मामा–माइजु, सासु–ससुरा, गायत्री मन्त्र सुनाउने गुरू, छोरा–बुहारी आदिमध्ये कोही दिवंगत भइसकेकोमा तिनलाई पनि पिण्डदान गरिन्छ । यसरी दिवंगत पितृहरूको तृप्ति र कल्याणको लागि तर्पण श्राद्धादि कर्म गरिन्छ ।

ब्रह्मपुराण अनुसार आफ्नो वैभव, सामर्थ्य अनुसार विधिपूर्वक श्राद्ध गर्नाले ब्रह्मादेखि ऋषि पर्यन्त समस्त प्राणीहरूलाई तृप्त गरिन्छ । श्राद्ध प्रत्येक गृहस्थले नगरी नहुने कर्तव्य कर्म हो । बाबु, बाजे, वराजु याने पितृ, पितामहादिबाटै मानव शरीरलाई पाई उनीहरूको अंश खाएर हुर्की बढेको प्रत्येक व्यक्तिले उनीहरूको तिथिमा श्रद्धापूर्वक श्राद्ध तर्पण गरी उहाँहरूलाई सम्झनु सन्तानको लागि शास्त्रविहित कर्म हो । आफ्नो तिथि परेको दिन पितृहरू आफ्ना सन्तानले कतिखेर पिण्ड पानी दिन्छन् भनेर आस गरेर बसेका हुन्छन् भन्ने शास्त्रीय वचन छ । वस्तुतः श्राद्धका दिन पितृ तृप्तिका लागि गरिने मुख्य चार कर्म भनेको जलदान, तर्पण, सिधादान, पिण्डदान र ब्राह्मण तथा इष्टमित्र सहितको भोजन हो । अरू पितृलाई

अङ्गरूपमा लिई उनीहरूको पनि तृप्तिका लागि तर्पण, पिण्डदान यतिखेर गरिन्छ ।

श्राद्धको पूर्व तर्पण गर्दा ब्रह्मदेखि सूक्ष्म जीवहरूका सबै योनिका जीवहरूको तृप्ति होस् भन्ने विशाल भाव राखेर तिलाञ्जली दिइन्छ । श्राद्धको दिन दिइएका वस्तुहरूको वासना, रसहरू पितृहरू वायुका रूपमा या सूर्य किरणको माध्यमबाट सेवन गर्दछन् र श्राद्ध तर्पण गर्नेलाई आशीर्वाद हुने कुरा शास्त्रमा बताइएको छ । पितृलोकमा निवासी पितृहरू हाम्रा पूर्वज हुन् । उनीहरूमा दूरदर्शन तथा दूरश्रवण गर्ने अलौकिक शक्ति हुन्छ । दूरश्रवण शक्तिद्वारा श्राद्धमा पढिने मन्त्रहरूको ध्वनि सुनेर पितृगण प्रसन्न हुन्छन् । श्राद्धको दिन केतकी, तुलसीपत्र, बेलपत्र, द्रोणपत्र, करवीर, धतुरोको फूल यी उपयोगी हुँदैनन् । साथै श्राद्धमा शुद्ध वचनको सर्वोपरि आवश्यकता हुन्छ । अतः श्राद्ध कर्म सुपठित र संस्कृत भाषामा निपूर्ण भएको पुरोहितबाट गराउन आवश्यक छ ।

मध्यान्ह कालमा खड्ग पात्र(खगौतो), नेपाली उनबाट बनेको राडी, चाँदी, कुश, तील, गाई र छोरीको छोरा (नाति) यी आठ कुरा श्राद्धमा आवश्यक मानिन्छ । नेपाली समाजमा छोरीको छोरासँगै तोरीको साग पनि श्राद्धको लागि महत्त्वपूर्ण मानिन्छ । फलामको भाँडाकुँडा देख्ने बित्तिकै पितृहरू रूष्ट हुन्छन् भन्ने भनाइ छ ।

५ देखि ९९ प्रकारसम्मका विविध खाले श्राद्धहरूको विस्तृत विवेचना धर्म विज्ञान सम्बद्ध विधानहरूमा पाइन्छन् । जस्तै पञ्चमहायज्ञ अन्तर्गत प्रतिदिन प्रातकालमा पितृहरूलाई खुसी गराई कुल कल्याणको लागि गरिने तर्पणपरक पितृयज्ञ, आफ्ना बाबुआमाको दिवंगत तिथिको आधारमा प्रतिवर्ष गरिने एकोदिष्ट श्राद्ध, वृद्धिकाल अर्थात् पुत्र जन्म, विवाह आदिमा गरिने वृद्धिश्राद्ध, छोराछोरीको चूँडाकर्म, व्रतबन्ध, विवाहको पूर्वाङ्गको रूपमा गरिने नान्दीमुखी (नानीमुखी) श्राद्ध, प्रत्येक पर्वमा औंशी, सङ्क्रान्ति, सोह्रश्राद्ध जस्ता पर्वहरूमा गरिने वैदिक पिण्ड पितृयज्ञ, औंशीमा गरिने त्रिपिण्डी श्राद्ध हो । एकापार्वण, पार्वण, महालय श्राद्ध पर्वमध्येको नवमी तिथिमा दिवंगत हुनेका लागि गरिने मातृनवमी श्राद्ध आदि अनेकौँ प्रकारका श्राद्धहरूको चर्चा धर्मशास्त्रहरूले गरेको छ । प्रतिदिन गरिने तर्पणपरक पितृयज्ञ र बाबुआमाको तिथिहरूमा गर्नुपर्ने श्राद्धलाई नित्य मानिन्छ । विश्वदेव ब्राह्मण नराखी एकमात्र पितृ ब्राह्मण संस्थापन गरिने पितृ उद्देश्यपरक श्राद्धलाई नैमित्तिक भनिन्छ ।

मनुष्यले वर्ष वर्ष दिनमा श्राद्ध तर्पण गरे पनि पितृ चाहिँ उनीहरूको हिसाबले त्यो बाह्रै दिनमा प्राप्त हुन्छ । कालगणनाले मानिससित देवता र पितृहरूको के कति फरक छ त्यस सम्बन्धमा कोषकार अमरसिंह भन्दछन्–

मासेन स्यादहोत्राय पैत्रो वर्षेण दैवतः ।
दैवे युग सहश्रे द्वे ब्राह्मण कल्यौ तु तौ निर्णाम् ।

अर्थात् मानिसको हिसाबले एक महिनाको समय (३० दिन) पितृहरूको एक अहोरात्र २४ घण्टा बराबर हुन्छ । मानिसको एक वर्षको समय देवताको चाहिँ एक अहोरात्र बराबर हुन्छ । यद्यपि सक्नेले छोटकरीमा प्रत्येक दिन



तर्पण श्राद्ध गर्ने गर्दछन्, जसलाई नित्यश्राद्ध पनि भनिन्छ तर आजको व्यस्त समयमा विधि विधानहरू पूर्ण गर्न अधिकांश गृहस्थीलाई जन, धन र समयले साथ दिन गाह्रो पर्ने भएकोले वर्षमा दुई दिन याने तिथि परेको दिन र

सोह्र श्राद्धका दिन गरी दुई दिन मात्र श्राद्ध तर्पण गरे पनि यसबाट पितृ तृप्त हुने भाव राखी गृहस्थहरूले श्राद्धकर्म गर्दैआएका छन् ।

गृहस्थदेखि संन्यासीसम्मका, कर्म चलेकादेखि कर्म नचलेकासम्मका पितृहरूको उद्धारका लागि श्रुति स्मृति पुराण तन्त्रहरूमा विभिन्न उपायहरू, विभिन्न खाले संस्कार कर्महरू छुट्टाछुट्टै बताइएका छन् । पितृहरू देवताहरूभन्दा पनि श्रद्धालु हुन्छन् । जहाँ श्रद्धा हुँदैन, त्यहाँ दुःख कष्ट रोग हुन्छ आयुको नाश हुन्छ कुनै कल्याण हुँदैन ।

'न तत्र वीरा जायन्ते आरोग्यं न सुतायुषः न च श्रेयोऽधि गच्छन्ति यत्र श्राद्धं विवर्जितम् ।' (मार्कण्डेय पुराण)

अतः पितृ खुसी र तृप्ति भए मात्र व्यक्तिको जीवनमा धनसम्पत्ति, सन्तान सुख, शान्ति र कल्याण प्राप्त हुने र टिक्ने हुन्छ । देवताले दिने पितृले हर्ने भन्ने लोकोक्तिबाट पनि पितृ खुसी नभएमा देवताले मात्रै दिएर पनि पुग्दैन भन्ने कुरा स्पष्ट हुन्छ । 'मरेपछि डुमै राजा', 'परलोक छैन पितृहरू पनि छैनन्' भनेर भन्न सकिँदैन । हाम्रा पूर्वजहरूले मृतकहरूको जीव आकर्षण गर्न कुश, मह, तिल, गंगाजल, तुलसीपत्र, चामलको पिण्ड आदि उपयोग गरिरहेका छन् । हाम्रा पूर्वजहरूका प्रायः सबै कुरा वैज्ञानिक पद्धतिद्वारा निरीक्षण परीक्षण गर्दा सत्य साबित भएका छन् ।

आर्ष दृष्टिकोण अत्यन्त उद्धार र व्यापक पनि भएकोले देवकार्यद्वारा देवतासित र पितृकार्यद्वारा पितृसित सम्बन्ध राख्ने विधि यहाँ प्राचीनकालदेखि नै प्रसिद्ध छ । प्राचीन आर्यहरू मृतक व्यक्तिको परलोकमा निवास र उसलाई आह्वान पनि गर्दथे भन्ने कुरा लंका विजयपछि सीताको अग्नि शुद्धिका समयमा परलोकदेखि आएका राजा दशरथले पनि सीताको शुद्धिमा साक्षी दिएको कुराले पुष्टि गर्दछ ।

वाल्मीकि रामायणमा ठाउँठाउँमा श्राद्धको उल्लेख पाइन्छ । भरतले जब पिता दशरथको स्वर्गवासको सूचना पाए, त्यतिबेला दक्षिण दिशातिर मुख गरेर जल तर्पण गरेको, भगवान् रामले चिउरी फलको गुदीमा बयर मिलाएर पिण्ड तयार गरी पिण्ड दिनुभएको, जटायुको मरणपछि रामले उसको दाहसंस्कारका लागि गोदावरीका जलले चिउरी फलको गुदीमा पिण्ड बनाएर कुश राखेर पिण्डदान गर्नुभएको, अत्रिमुनिका आश्रममा पुगेपछि अत्रिको कथा अनुसार ब्रह्माद्वारा निर्मित पुष्कर तीर्थमा भगवान् रामले चिउरी, बयर, अमला र पाकेको बेलको पिण्ड बनाएर स्वर्गवासी पिता दशरथलाई पिण्डदान गर्नुभएको एवम् लक्ष्मणद्वारा संकलन गरिएको कन्दमूलले ब्राह्मण भोजन गराउनु भएको वर्णन छ ।

यसैगरी अङ्गदले बालिको, विभीषणले रावणको श्रद्धादि कर्म गरेको वर्णन रामायणमा पाइन्छ भने महाभारत अनुशासन पर्व अन्तर्गत उल्लेख भए अनुसार युधिष्ठिरको अनुरोधमा भीष्मले श्राद्ध पितृयज्ञ सम्बन्धी विधि र त्यसको महिमाको विषयमा विस्तृत रूपमा चर्चा गरेका छन् (अनुशासन पर्व ८७-९२) । उक्त विवरण अनुसार श्राद्धका मुख्य कृतिहरूमा दान र भोजनको विशेष महत्त्व भएको उल्लेख छ । श्राद्धमा दान दिनका लागि र भोजन गराउनका लागि उपयुक्त ब्राह्मणको चयन हुनुपर्ने कुरामा विशेष ध्यान दिएको पाइन्छ । यस सन्दर्भमा भीष्म युधिष्ठिरसँग भन्दछन्-

श्राद्धे त्वथ महाराज परीक्षेद् ब्राह्मणान बुधः
कुलशील वषेरूपैर्विद्यायाभिजनेन च । (अनुशासन ९०/४)

(तर महाराज ! श्राद्धको बेला विद्वान् पुरूष, कुल शील र उत्तम आचरण, अवस्था, रूप, विद्या र पुर्खौली निवास स्थान आदि विचार गरेर ब्राह्मणको परीक्षा अवश्य नै गर्नुपर्छ ।)

महाभारतमा भीष्मपितामहले स्वर्गवासी पिता सन्तनुलाई श्राद्धमा पिण्डदान गर्दा पिण्ड ग्रहण गर्न पिताले हात थापेको देखेर दुविधामा परेका भीष्मले पिण्ड हातमा नदिएर तस्माद् शास्त्रम् प्रमाणम् शास्त्र वचन अनुसार कुशमाथि दिएको हुँदा पितृहरू खुसी भएर भीष्मको प्रशंसा गरेको र उनलाई आशीर्वाद दिएको वर्णन पाइन्छ ।

विष्णु पुराणमा बताएअनुसार श्राद्धमा भक्ति एवम् विनम्र चित्तले उत्तम ब्राह्मणलाई यथाशक्ति भोजन गराउनु । भोजन गराउन असमर्थ भए ब्राह्मणलाई काँचो अन्न र थोरै दक्षिणा दिँदा त्यो श्राद्ध पनि उत्तम हुनेछ । यसमा पनि असमर्थ भए आठ तिलले जलाञ्जली दिनु, यो पनि गर्न नसके कहिँबाट चारा घाँस ल्याएर श्रद्धापूर्वक गाईलाई खुवाउनु । सबै कुराको अभाव भई श्राद्ध गर्न असमर्थ भए एकान्तमा दुवै हात माथि उठाएर श्रीसूर्य र दिक्पालहरूसँग उच्च स्वरले भन्नु कि, 'मसँग श्राद्ध गर्ने धन सामग्री केही

भएन । अतः म आफ्ना पितृगणहरूलाई नमस्कार गर्छु । उनीहरू मेरो भक्तिबाट नै तृप्तिलाभ गरून् ।' (विष्णुपुराण ३/१४/३०)

पुत्र शब्द संसारिक जीवको लागि कति मधुर छ, यसलाई माता र पिताले नै अनुभव गर्दछन् । हाम्रो संस्कृति र सभ्यतामा पुत्र नरकबाट बचाउने मानिएको छ । पुत्रले मातापिताको ऋणबाट उद्धार पाउनको लागि आफ्नो कर्तव्य पूरा गर्ला, श्राद्धद्वारा पितृलाई सन्तुष्ट गर्ला र वेदद्वारा ऋषिहरूलाई प्रसन्न तुल्याउला भनेर नै पुत्रलाई वास्तविक महत्त्व दिएको छ । पुत्रमाथि मातृ ऋण, पितृ ऋण र गुरू ऋण तथा ऋषि ऋण पनि रहन्छ । यिनै ऋणबाट उद्धार पाउनको लागि पुत्रले कर्मयोगी बन्नुपर्दछ र यसै निमित्त पुत्रलाई पनि महत्त्व प्राप्त छ । जो मातापिताबाट जन्म पाएर उनीहरूको स्याहार संहारबाट आफ्नो जीवनलाई सार्थक बनाउँछन् भने उनीहरूको मृत्युपछि श्राद्ध कर्म गरेन भने त्यसभन्दा ठूलो कृतघ्नता त अर्को हुनै सक्दैन । यस्ता पुत्रले मातापिताले दुःखपूर्वक आर्जन गरेको सम्पत्तिलाई पैतृक सम्पत्तिको रूपमा स्वीकार गर्न पनि पाप नै हुन्छ ।

आज प्रलोभन र त्रासको भरमा धर्मको प्रचारमा लागेका विभिन्न बाह्य शक्तिहरूको मोहक नारामा लागेर स्वयं हिन्दु विचलित हुन लागेको स्थिति देखिँदैछ । समाजको निम्ति यो अत्यन्त चिन्ताको विषय हो । धर्मको, अध्यात्मको, परम्पराको, संस्कृतिको नाममा जे जति गरिन्छ त्यो सबै बुझेर गरियोस् । र, सन्तानलाई त्यसमा सरीक गराउने बुझाउने रहर बाबुआमामा निरन्तर बनिरहोस् । मानवलाई मानवताको उच्च शिखरमा पुऱ्याउनु यस संस्कृतिको मुख्य लक्ष्य हो । वास्तवमा कुनै देश वा राष्ट्रको प्राण त्यही देश वा राष्ट्रको संस्कृति नै हो । यदि आफ्नो संस्कृति रहेन भने आफ्नो धर्म रहेन भने संसारमा त्यस देशको अस्तित्व नै मेटिन्छ । आज प्रलोभन र त्रासको भरमा धर्मको प्रचारमा लागेका विभिन्न बाह्य शक्तिहरूको मनोहक नारामा लागेर स्वयं हिन्दु विचलित हुन लागेको स्थिति देखिँदैछ । समाजको राष्ट्रको निम्ति यो अत्यन्त चिन्ताको विषय हो ।❖

-बत्तीसपुतली , काठमाडौं

सन्दर्भ सामग्री

१. अमरसिंह सन् १९८४ अमरकोश रामाश्रममी टिकासहित चौखम्बा संस्कृत प्रतिष्ठान दिल्ली ।

२. आचार्य चेतनाथ, हाम्रा धार्मिक चाडपर्व

३. वाल्मीकि र व्यास तुलनात्मक अनुशीलन, देवीप्रसाद सुवेदी

४. श्राद्धको परिभाषा र प्रकार, प्रा.डा. हरिप्रसाद गौतम गौरी पत्रिका २०६६

५. श्राद्ध विधि, ऋषिराम शर्मा घिमिरे ।

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं ।

हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो । जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

आमा

भुवनराज सुवेदी, 'शास्त्री'

कति भारी होला गगन बिच यो पृथिवी तल ।
त्योभन्दा आमा छन् अझ बढि गरूङ्गी नभ तल ॥
आमा मेरो ब्रह्मा भवतल मेरो सृष्टि रचना ।
म कत्रो जन्मेको कसरी म बडे यो धरतीमा ॥१॥

मलाई के थाहा थलचर सबै जीवहरूको ।
को हुन् मेरा मित्र कसरी म जानौं बाल ववुरो ॥
के खाने हो मैले कसरी किन खाने भोक दुधको ।
दुखेका छन् अङ्ग उदर जननी खुम्ची बसेको ॥२॥

माता-पिता को हो जगत म आएँ कुन्नि कसरी ।
म पैले को थिएँ धरती किन आएँ मन परी ॥
थियो कस्को इच्छा को को खुशी भए जन्म म हुँदा ।
मेरो आमा पक्कै खुशी हुनुभयो सत्य पथमा ॥३॥

पिता धेरै साँचै अझ खुशी बढ्यो आत्मज मिल्यो ।
पीडा प्रसूतिको कति दुःख भए हो जननीको ॥
पीडा प्रसूतिको जननी ऋणको भार थपियो ।
कसैले सक्दैनन् जननी ऋण तिर्नै जगतको ॥४॥

मेरी आमा धन्य प्रसूति वेदना दुःख सजिलै ।
सकिन् मेरा लागि भवतल म आएँ कष्ट सहँदै ॥
वितेका नौ महिना उदर जननी जो दुःख दिएँ ।
सहिन् आशा गर्दै हरिहर जपी ध्येय म भएँ ॥५॥

म जन्मे लौ आएँ भवतल रूदैं मुष्ठी म कसी ।
के ल्याएँ खोइ कुन्नि भवतल मुठी पारी त्यसरी ॥
आमा मेरी धन्य प्रसव समय दुःख म दिएँ ।
कति रोइन् होली छटपटी सिंचिन् नेत्र जलले ॥६॥

आमा भन्दा ठूलो जगत भरिनै के अब भन ।
आमा नै हो ब्रह्मा-विष्णु पनि आमा हो अरू शिव ॥
आमाको नै हामी शरीर रस चुस्ने भव तल ।
भोकी प्यासी आमा शरीर रस दिन्छिन् शिशुकन ॥७॥
यो कस्तो माया हो जननी शिशुको प्यार कति हो ।
सबै योनी आमा शिशुकन स्याहार्ने जगतको ॥
यो कस्तो सृष्टि हो बीज-प्रद पिता मालिक यहाँ ।
आमाको नै हुन्छ प्राणी भरिमा मुख्य भूमिका ॥८॥

कमिलाले आफ्ना फूल बीज स्याहार्छन् धरणीमा ।
चराले त्यस्तै हो गुणहरू बनाई नभतल ॥
पशु-पक्षी चर्ने चउर-हरिया जङ्गल अनि ।
आमाले नै पाल्छन् वनबिच त्यहाँ सन्तती पनि ॥९॥

अहो धन्य आमा भुवन भरमा सत्यपथमा ।
सधै हिड्छिन् आमा अघि-पछि छोराछोरी संगमा ॥
सधैं सोच्छिन् होली कसरी म पालौं सन्तती यहाँ
सधैं सोच्छिन् होली अभयसँगमा बस्न त यहाँ ॥१०॥

यो संसार बाँच्न सवयोनी यहाँ सक्रिय रछन् ।
सबै छन् निर्धक्क फगत विचरा मानव किन ॥
दुःखी हुन्छन् धेरै छटपटी बढी सन्तती प्रति ।
धेरै बुद्धि हो कि शरीर-मन त्यो हुन्छ धपरी ॥११॥

सबै योनी आमा बढी दुःखी हुने यो जगतमा ।
यो संसारै धान्ने जननी-जन हुन् मुख्य भवमा ॥
त्यसैले आमाको ऋण ठूलो हुने हो त जगमा ।
आमाकै मायाले सत अघि बढेको छ भवमा ॥१२॥



आमाको मायामा जगत-विचरा सूक्ष्म छ यहाँ ।
आमा धर्तीमाता खग तल महा-अन्नपूरणा ॥
आमा सृष्टिकर्ता भुवनभरिमा मानुष-कला ।
आमा प्राण दाता उदर-तनमा रक्तनलीमा ॥१३॥

आमा साक्षात् देवी जगतभरिकी पूज्य महिला ।
आमाकै मायाले भुवन यसरी चल्दछ सदा ॥
आमाकै काखैमा वचपन सधैं फुल्दछ जहाँ ।
आमाको आशीषले युवक-पन जो फल्दछ यहाँ ॥१४॥

तपस्या आमा हुन् जननी घरकी मुख्य महिला ।
उनैको मायाले घर सव चलेको छ जगमा ॥
आमाकै मायाले घर सुखी हुने लोक भरिमा ।
हाँसेकै आमाले घर खुशी दिने शभ्यपनमा ॥१५॥

विधाता आमा हो घर पनि उनै सत्य-पथमा ।
सम्हालेकी हुन्छिन् पितृ पनि उनैको छ भरमा ॥
आमा गृहस्थी हुन् गृह पनि उनैको छ लयमा ।
खुशी हुन्छिन् आमा जनहरू सुखी देखी घरमा ॥१६॥

विधाताले जम्मै जननीहरूमा दुःख बढी दिए ।
सबै योनी जम्मै जननीहरूमा निर्भर भए ॥
यो सत्-सार यस्तै प्रकृति नियमै दुष्कर रछ ।
सबै सृष्टि धान्ने जननीहरूमा कष्ट बढी छ ॥१७॥

आमाको मायाले जगत यसरी चल्दछ पुरै ।
सबै आमा आफ्ना शिशुप्रति धेरै मोहछ पुरै ॥
पशु-पक्षी सारा जीवहरू सबै जननी गुणमा ।
बसेका छन् बाँच्छन् जननीहरूको मुख्य भरमा ॥१८॥

चौरासी लाखै त जीवहरू रछन् यो धरणीमा ।
सबै जीव आफ्ना जननीसँग खेल्छन् जगतमा ॥
पिता थाहा छैन तर पनि सबै जीव सजिलै ।
बचेका छन् हेरौं सहजसँग आफ्नै जननीमै ॥१९॥

आमा नै हो सारा भुवनभरका जीवहरूकी ।
शिशुपालनकर्ता धरणी तलमा स्वच्छ मनकी ॥
समुद्रैमा देख्छौं जलचर सबै जीवहरूकी ।
आमा नै मुख्यै छन् जलज सबकी विश्व भरकी ॥२०॥

सबै युगमा आमा प्रवल रहिछन् सत्य यहि हो ।
आमा नै ब्रह्मा हो सकल जीवकी जान्नी यहि हो ॥
आमाको मायाले जीवहरू सबै बाँच्नी पनि हो ।
आमाले धानेको सकल जीवको बंश सहि हो ॥२१॥

आमालाई भन्छन् कसरी अवला यो जगतमा ।
आमाकै शक्तिले जीवहरू सबै बाँच्नि भवमा ॥
आमा आमा नै हो उनी त सबला यो पृथिवीमा ।
आमाकै छायामा वचपन खुशी हुन्छ जगमा ॥२२॥

आमा टाढा जान्छिन् अलमल हुँदा काम घरको ।
शिशु भोकै हुन्छन् भवतल सबै प्राणीहरूको ॥
आमा छोडिन् चट्टै शिशु त टुहुरा बन्नी सबको ।
यो सत्य साँचो हो घरती तलमा सृष्टि भरिको ॥२३॥

आमा के हुन् भन्ने टुहुरा बढी बुझ्छन् जगतमा ।
अनाथैका आश्रमतिर बढी थाहा हुन्छ महिमा ॥
कुसन्तान् हुन्छन् है भवतल यहाँ गाउँ घरमा ।
कुमाता हुन्नन् है भुवनभरिमा सत्य-पथमा ॥२४॥

आमा, धर्तीमाता जति पनि सहन्छन् सन्ततीहरू ।
आमा दुःखी हुन्छिन् अपठित भए सन्तती बरू ॥
छोरा-छोरी एकै घटिबढी नगर्ने जननी हो ।
टिकेको सन्सार भुवन तलमा मुख्य यही हो ॥२५॥

भूगोल खगोल ग्रह पनि सबै गोल त रछन् ।
त्यसैले आमाको उदर शिशु घुम्ने गोल छ झन् ।
सबै शून्यबाट प्रकट हुनी हो सृष्टि रचना ।
सबै वृत्ताकार गगनपथमा ग्रह-परिक्रमा ॥२६॥

आमाको मुहार शिशु त एकटक् हेरिरहने ।
आमाको श्रृङ्गार शिशु त एकटक देखिरहने ॥
आमा साक्षात् देवी जननी जगकी हुन् प्रकृतिमा ।
आमामै आश्रित छौं जगत भरिका जीव विचराः ॥२७॥

सबै यो सन्सार क्षण क्षण पुरै बद्लीरहने ।
देखिराख्छौं उस्तै नयन पनि हाम्रा प्रकृतिकै ॥
हिजो जस्तै आज फरक छ पुरै सृष्टि रचना ।
हिजोभन्दा आज एक दिन पुरानो जगतमा ॥२८॥

हामी देख्छौं झरना झरझर झरेको एक स्वर ।
पानी त्यो ता छैन जसरी हामी देख्छौं पल-पल ॥
पानीका ती छहरा प्रतिपल फरक् छन् भव तल ।
सुरीलो त्यो शब्द मधुर रसको स्वर कलकल ॥२९॥

नदी नारायणी एकटक बगेकी सललल ।
फेरिएको पानी तर पनि छ उस्तै कलकल ॥
किनारामा बस्छौं नयन रस लिन्छौं नीर जल ।
यो संसार त्यस्तै समय पर जाने पल-पल ॥३०॥

शिशु खाना-पिना समय समये ठीक्सँग गरे ।
शिशु आफ्नो निद्रा समय समये ठीकसँग गरे ॥
ज्वरो पीडा धेरै नभइकन हुर्के भव तल ।
आमा भाग्यमानी अनि हुनिरछिन् स्व शिशुसँग ॥३१॥

सहनशीला आमा घरखुशी हुने अन्नपूरणा ।
सफा-सुघ्घर राख्छिन् सन्ततीहरू स्वच्छ घरमा ॥
आमाको मायाको असिमित सीमा यो जगतल ।
आमाकै धैर्यता कति प्रवल हुने यो भव तल ॥३२॥

आमाको काखैमा शिशुपन बित्यो के छ गणना ।
कसैले सक्दैनन् अऋण हुन आमा जगतमा ॥
आमा दिव्यरूपमा भुवनभरमा पूज्य महिला ।
आमा पूज्या नै हुन् मनमन सँधै जप्नि मनमा ॥३३॥

यशोदाका काना गहभरि दुवै अश्रु नयन ।
भने भाई तिम्रो ऋणी म त भएँ तिर्न सकिन ॥
अरू कस्ले सक्ला जननी ऋण तिर्ने भव तल ।
त्यसैले आमा हुन् पृथिवीसरिकी यो नभ तल ॥३४॥

तपस्या आमाको बल हुनगयौं यो धरणीमा ।
आमाको ऋण तिर्ने कसरी हामी सक्छौं भव महाँ ॥
सकिंदैन तिर्न ऋण यो भवमा द्रव्य-पथमा ।
तपस्या पूजाले अऋण हुनि हो धर्म पथमा ॥३५॥

आमा नै हो आफ्नो प्रथम गुरू यो मर्त्यभवमा ।
ताते-ताते हिड्नै तोते बोली मीठो बोल्न जनमा ॥
सिकाउँछिन् आमा शिशुसँग घरै काख तनमा ।
त्यसैले आमा हुन् जगत जननी मुख्य गुरूमा ॥❖

–हाल बेलायत

जय श्रीकृष्ण

सुरेशराज भट्ट

हरि हरि ॐ हरि हरि ॐ हरि हरि ॐ- ३
रूपै मोहनी -२
पछि लागे गोपिनी
राधा रूक्मिणी - ३

कृष्ण मुरारी- २
राधा रानी पियारी
रूक्मी सिंगारी - ३

कृष्ण मुरारी - २
वंशी गोपी पियारी
वन बिहारी - ३

हरि ॐ हरि - २
गर रक्षा मुरारी
राधा कुमारी - ३

राधा पियारी -२
विन्द्रावन बिहारी
तिम्रो चिनारी - ३

कृष्ण लिलाले - २
दहिचोरने काले
श्यामे गोकुले- ३

पर्यौं शरण - २
श्री कृष्णको चरण
गर तारण - ३

नाम्ले तरिन्छ - २
तिम्रै भर परिन्छ
स्वर्ग पुगिन्छ - ३❖

–मसेल, गोरखा

व्रत/उत्सव

महालक्ष्मी व्रत

पं. मधुसूदन सुवेदी

सनातन धर्ममा विभिन्न देवीदेवताका व्रत उपासनाको महत्त्वका विषयमा विभिन्न शास्त्रहरूमा वर्णन गरिएको पाइन्छ । देवीदेवताको स्मरण गर्न, व्रत, उपासना गर्न खास दिन वा विशेष तिथि नै पर्खनु पर्ने भन्ने त होइन तर पनि निर्दिष्ट दिनमा गरिएका व्रत उपासना विशेष फलदायी हुन्छन् भनी तिनै शास्त्रहरूमा उल्लेख गरिएको पाइन्छ । विशेष गरी चन्द्रमास अनुसार भाद्र महिनामा अन्य महिनाहरूको तुलनामा धार्मिक चाडपर्वहरू बढी नै मनाइने चलन छ । ती चाडपर्वहरू विशेष देवीदेवताको उपासना गर्ने अवसरको रूपमा पनि लिइन्छ । भाद्र महिनामा उपासना गरिने विभिन्न देवीदेवताहरूमध्ये महालक्ष्मीको उपासना पनि एक हो । महालक्ष्मीको उपासनाको विषयमा यहाँ केही चर्चा गरिएको छ ।

धनं धान्यं धरां हर्म्यं कीर्तिमायुर्यशः श्रियम् ।
तुरगान् दन्तिनः पुत्रान् महालक्ष्मी प्रयच्छमे ॥

भाद्रशुक्ल सप्तमीका दिन सबेरै उठेर कपाल नुहाई चोखो वस्त्र लगाएर हविष्य एक पटक मात्र भोजन गरी भोलिपल्टदेखि महालक्ष्मी व्रतको १६ दिनसम्म शास्त्र सम्मतअनुसार पूजा गर्ने निश्चय गरी मनले सङ्कल्प गरी अनुष्ठान शुरू गर्नुपर्दछ ।

महालक्ष्मी कस्ती छिन् ? यिनको कस्तो लीला छ भन्ने पनि थाहा हुनु पर्दछ । सो यस प्रकार छ :

पद्मासनां महालक्ष्मीं दिव्याभरणभूषिताम् ।
अब्जदर्पणहस्तां च धनधान्यवरप्रदाम् ॥
ज्योतिर्मयीं दयामूर्तिं दुःखदारिद्रय नाशिनीम् ।
लोकोपकारिणीं लीलां ध्यायेत् कल्याणकारिणीम् ॥
सुशोभनां सुवर्णाङ्गी विष्णुपत्नीं गजान्विताम् ।
लक्ष्मीं ध्यायति मन्त्रेण स भवेत् पृथिवीपतिः ॥

पद्मको आसन भएकी, सुवर्ण हीरा मणिमाणिक्य आदि गहना पहिरिएकी, कमल ऐना, जसबाट आत्म दर्शन

हुन्छ, त्यस्तो हातमा लिएकी, धनधान्य र वर प्रदान गर्ने भएकी, ज्योतिस्वरूपिणी दयाकी मूर्ति, जसको स्मरण गर्दा नै दुःख र दरिद्रता नाश हुने, लोकको उपकारको लागि लीला गर्ने सबैको कल्याण गर्ने भएकी ज्यादै नै सुन्दर सुवर्णजस्तो शरीर भएकी, हस्तीले युक्त भएकी विष्णु भगवान्‌की धर्मपत्नी लक्ष्मी भगवतीलाई मन्त्रपूर्वक जसले ध्यान गर्दछ । त्यो पृथिवीको मालिक बन्दछ ।

महालक्ष्मीको पूजा भाद्रशुक्ल अष्टमीबाट शुरू गरी आश्विनकृष्ण अष्टमीसम्म १६ दिन मनाइन्छ । सर्वप्रथम आसनमा बस्ने, भैरव आदिको ध्यान गर्ने, महालक्ष्मीलाई हृदयमा विराजमान गराउने, गोदान, दीप, कलश, गणेश पूजन, न्यास करन्यास यन्त्रपूजा षोडश ग्रन्थि पूजन, श्री महालक्ष्मीको लागि कमल आसन राखी आवाहन गरी विराजमान गराउने । षोडशोपचारले पूजा गर्नुपर्दछ । महालक्ष्मीको विभिन्न नाम भएको हुँदा प्रत्येक नाम पिच्छे पूजा गरी अङ्ग पूजा गरी अष्टसिद्धि षोडश लक्ष्मीको पनि पूजा गर्नुपर्दछ । यसरी १६ दिनसम्म एवं रितले पूजा गरी कथा सुनी अन्तिम दिन व्रत पूर्णहोस् भनी अर्घ निवेदन गरी प्रार्थना तथा पूर्णपात्र, दम्पति पूजा, कन्या पूजा, बटुकको पूजा गरी व्रत पूर्ण गर्नुपर्दछ । यो व्रत १६ वर्षसम्म अवच्छिन्न रूपले गर्नुपर्दछ ।

यो व्रतको शुरूवातका सम्बन्धमा बताइएअनुसार, रम्यकुण्डिन शहरमा मङ्गलार्ण नाम गरेका चक्रवर्ती राजा र पद्मावती नाम गरेकी रानी थिइन् । त्यहाँ एक ब्राह्मण सेवा गर्न आइपुगे । उनको नाम राजाले तबल्लक राखिदिए । एक समय राजा सिकार खेल्न जाँदा ज्यादै भोकप्यास लाग्यो र हिड्न नसकी रूखको फेदमा बसी जल खोज्न अङ्गरक्षकहरूलाई पठाए । तर जल कही भेटिएन भनी अङ्गरक्षकहरू फर्के ।

तबल्लक भने जल खोज्दै हिँडे । उनले घना वनमा कमलको फूलले शुशोभित सरोवरमा देवकन्याहरू महालक्ष्मीको व्रत पूजा गर्न लागेको देखे । जिज्ञासाका साथ के गर्न लागेको भनी सबै सोद्धा थाहा भयो कि मनले चिताएको सबै कामना पूर्ण गरिदिने महालक्ष्मीको व्रत गरेका रहेछन् । उनले पनि सो व्रत गरी जल लिई राजाको समीप आए । राजाले अञ्जुलीद्वारा पानी पिएर सबै वृतान्त तबल्लकबाट सुने पछि राजाले पनि व्रत लिई आफ्नो राज्यमा फर्के । राजाको हातमा १६ गाठो भएको डोरो बाँधेको थियो । एक दिन राजा र रानी विहार गर्न गए । अचानक राजाको हातमा रानीले उक्त डोरो देखेर रानी रिसाएर भनिन् कि यो कुन स्त्रीले हजुरलाई भुलाउन बाँधेको हो । राजाले सबै वृत्तान्त बताउँदा पनि पत्यार नगरी उक्त डोरो खोसी आगोमा हालिदिइन् ।

राजा रिसाएर रानीलाई उक्त वनमै छाडी हिंडे । रानी ज्यादै भोक प्यासले दुःखित भई यत्रतत्र भौतारिदै हिँड्दा वशिष्ठ मुनिको आश्रममा ज्यादै दुर्बलताका साथ पुगिन् । वशिष्ठ ऋषिले दिव्य चक्षुद्वारा उनको दुःखको कारण पत्ता लगाई महालक्ष्मीको पूजा गर्न लगाए जसको प्रभावले सबै दुःख नाश भई अति सुन्दर शरीर पनि भयो र त्यहीँ रहन थालिन् ।

एक दिन राजा सिकार खेल्दै आउँदा वशिष्ठ ऋषिको कुटीमा आइपुगे । त्यस्ती सुन्दरी स्त्री देखेर राजा मोहित भए । तिमीलाई चाहिने व्यक्ति मलाई भज भन्दा रानी हाँसी म हजुरकै रानी हुँ । ऋषिको कृपाबाट महालक्ष्मीको व्रत गरी सबै दुःख नाश भयो भनिन् । ऋषिको आज्ञाले राजाले आफ्नो रानीलाई लिएर घर गए । राजाले रानीका साथ विधिपूर्वक महालक्ष्मीको व्रत गरे ।

मनुष्यलाई राम्रो फल दिने सबै पाप र दुःख हटाइदिने देवी यिनै हुन् । यस प्रकार १६ वर्षसम्म जो कुनै स्त्रीले त्यस उत्तम व्रत गर्दछिन् उनलाई आठ सिद्धिले भज्दछन् । लक्ष्मीले कहिल्यै छोडदिनन् स्वर्ग प्राप्त गर्दछिन् ।❖

–सानेपा, ललितपुर

आफैँले गएर दिएको दान उत्तम,
आफ्नोमा बोलाएर दिएको दान मध्यम र
मागेपछि मात्रै दिएको दान अधम हुन्छ ।
तर कसैलाई सेवा गराएर दान दिएको
छ भने त्यो निष्फल हुन्छ ।

–पाराशरस्मृति

सुद्युम्नको कथा



– मोहनप्रसाद आचार्य

हाम्रा अति प्रचलित ग्रन्थहरू मध्येमा श्रीमद्देवीभागवत पुराण र श्रीमद्भागवत पुराणहरू पर्न आउँछन् । यी पुराणहरूमा राजा सुद्युम्नको कथाको प्रसङ्ग पनि चल्दछ । प्राचीन समयमा विवस्वान नामक मनु थिए । यिनै मनुका छोरा हुन् श्राद्धदेवमनु । यिनकी स्त्रीको नाम थियो श्रद्धा । विवाह भएको धेरै समय भैसकेको थियो । राजारानीको कोखबाट कुनै पनि सन्तानको जन्म भएन । सन्तान नभएको कारणले दुवै पति पत्नीलाई चिन्तित बनायो । पुत्र विहिनताको चिन्ताले सताइएका राजा श्राद्धदेवमनु आफ्ना गुरू कहाँ सल्लाह गर्न जाने अठोटमा पुगे । उहाँका कुलगुरू थिए वशिष्ठ ।

कूल गुरू वशिष्ठको आश्रममा पुगेपछि गुरूलाई दण्डवत सहित आफ्नो मनोकामना पुत्र प्राप्तिको याचना गरे । गुरू वशिष्ठले केहि क्षण विचार गरी राजालाई मित्रावरूण नामक यज्ञ गर्न सल्लाह दिए । राजा पुत्र प्राप्तिको लागि उक्त यज्ञ गर्न तयार भए । गुरूको उपस्थितिमा राजाबाट मित्रावरूण पुत्रेष्ठि यज्ञ समाप्त भयो । यो यज्ञबाट राजा आफ्नो लागि पुत्र प्राप्त गराउन चाहन्थे । उता राजाकी पत्नी श्रद्धा भने पुत्री प्राप्त गर्न चाहन्थिन् । फलस्वरूप यज्ञमा बसेका अर्थात् हवन कार्यमा संलग्न होता समक्ष पुगेर श्रद्धाले जसरी भएपनि, कुनै उपाय लगाएर पुत्री नै प्राप्तिको कामना गरिन् ।

तत्र श्रद्धा मनोः पत्नी होतारं समयाचत ।
दुध्त्रिर्थमुपागम्य प्रणिपत्य प्रयोव्रता ॥ (भागवत ९/१/१४)

तव अर्घ्ययुको प्रेरणाले होता बनेका ऋषि ब्राह्मणहरूले रानी श्रद्धाको मागलाई स्मरण गर्दै यज्ञका होताले मनमा कन्या प्राप्तिको संकल्पका साथ चरूको आहुति दिए । यसरी राजाको पुत्र प्राप्ति इच्छामा तुषारापात हुनगयो । समय बित्दै गयो । महारानी श्रद्धा प्रसवावस्थामा पुगिन् । फलस्वरूप रानीवाट एक अति सुन्दरी कन्याको जन्म भयो । गुरूबाट कन्याको नामाकरण गरियो । नवजात कन्याको नाम 'ईला' राखियो । पुत्र प्राप्तिको कामना र संकल्पबाट गरिएको कार्य कसरी विपरीत हुनगयो ? यो कुरा बुझ्न राजा श्राद्धदेव पुनः गुरूको शरणमा पुगे ।

सबै कुरा बुझ्नु भएका गुरू वशिष्ठले पनि केहि नबुझेको जस्तो गरी केहि क्षण ध्यानमग्न हुनुभयो । आँखा खोलेर होताहरूको विपरीत संकल्प र रानीको होता माथी परेको प्रभावको कुरा राजालाई सुनाउनु भयो । त्यसपछि राजालाई पुत्री भै जन्मेकी कन्यालाई पुत्र बनाउने अठोटमा पुग्नु भएका महार्षि वशिष्ठ भगवान् नारायणको शरणमा जानुभयो । कुनै कुनै पुराणमा शिवको शरणागति बन्न पुग्नु भयो भन्ने वर्णन पनि पाइन्छ । जे भएपनि गुरू वशिष्ठ ईश्वर कै शरण जानुभमो भन्ने बुझ्नु पर्दछ । यसरी ईश्वरको शरणागत भएका गुरू वशिष्ठले भगवान्कै कृपा प्रसादद्वारा 'इला' नामक पुत्रीलाई पुरूष रूपमा परिवर्तन गराई दिनु भयो । गुरू वशिष्ठद्वारा जातकर्मादि संस्कार सम्पन्न गरी पुत्रीवाट पुत्रमा परिणत भएको बालकको नाम 'सुद्युम्न' भनी राखिदिनु भयो ।

श्राद्धदेव मनुको इच्छा अनुसार 'ईला' नामक पुत्रीबाट सुद्युम्न बनाइएका बालक शुक्ल पक्षको चन्द्रमा जस्तै बढ्न हुर्कन लागे । चाँढै युवावस्थामा प्रवेश पनि गरे । आफ्नो गुरूको सामिप्यमा रही धेरै शिक्षा ग्रहण गरे । धनुशास्त्रका ज्ञाता पनि भए । कुनै दिन आफ्ना सहचर साथी तथा सिपाहीहरूको साथमा शिकार अर्थात् आखेटक गर्न वनतर्फ प्रवेश गरे । विभिन्न पर्वतहरू पारगर्दै मेरू नामक पर्वतमा पुगे । यो मेरूपर्वतको रमाणियता र सुन्दरतामा भगवान् शंकर तथा पार्वती पनि मोहित थिए । वेलावखत यहाँ आई क्रिडा तथा रमण गर्ने गर्दथे । कुनै दिन क्रिडा विहारमा

रहेकी माता पार्वतीले चतुशन (सनक, सनन्दन, सनत र सनतकुमार) हरूलाई देखिन् । आमोद प्रमोदको आनन्दमा रमाएकी पार्वतीलाई केहि लज्जाभाव हुनगयो । आफ्नी प्रियतमा लजाएको देख्नु भएका भोलेबाबाले यो आरण्यलाई श्राप दिनु भयो । उहाँले आजैदेखि यो दण्डकारायमा जुन पुरूष प्रवेश गर्छ त्यो पुरूष स्त्री रूपमा परिणत हुनेछ ।

यो श्रापको वखत सनकादी मुनिश्वरहरू टाढा पुगिसकेका भिए । उनीहरूलाई श्रापको असर परेन । वन विहार तथा आरवेटको लागि निस्किएका सुद्युम्न आफ्ना साथी र सिपाइसहित त्यो दण्डकारण्यमा प्रवेश गरे । किनकी सुद्युम्नलाई यो श्रापको चाल थाह थिएन । यो श्रापको कारणले गर्दा सुद्युम्न सहित सबै पुरूष स्त्री बन्न गए । घोडाहरू पनि घोडी बन्न गए । यसरी सुद्युम्न दोश्रो पटक पुरूष योनीबाट स्त्री बन्न पुगे ।

तस्मिन प्रविष्ठ एवासौ सुद्युम्नः परवीरहा ।
अपश्यत् स्त्रियमात्मानमश्वं च वडवां नृप ॥

(भागवत ९/१/२६)

यस प्रकार स्त्री योनीमा परिणत भएका सुद्युम्न आफ्नो पिताको दरवारतर्फ फर्कन सकेनन् । त्यसै वनमा वसोवास गर्न लागे । कुनै दिन स्त्री बन्न पुगेका सुद्युम्न (अघिल्लो पटक 'ईला' भएकी) प्रति चन्द्रमा पुत्र बुध कामोत्तेजक बन्न गए । परस्परमा यी दुवै प्रेमरूपी वन्धनमा बाँधिए । दुवैले परस्परमा विवाह पनि गरे । रहँदा बस्दा यी दुवैको गर्भबाट एक सुन्दर बालकको जन्म पनि भयो । उक्त बालकको नाम पुरूरूवा राखियो ।

धेरै समय पछि इच्छावकु वंशका राजा श्राद्धदेवले आफ्नो पुत्र सुद्युम्न स्त्री भएको बुझे । राजा दुःखित बन्न पुगे । राजा धेरै दुःखी भएको देखेर गुरू वशिष्ठ पुनः आफ्नो यजमानको लागि भगवान् शङ्करको तप गर्न लागे । तपस्याबाट सन्तुष्ट भै भगवान् शङ्कर प्रकट हुनुभयो । उहाँले स्त्री रूपमा परिवर्तन भएको सुद्युम्नलाई एक महिना स्त्री र एक महिना पुरूष हुने वरदान दिंदै भगवान् शिव अन्तरध्यान भएको बुझिन्छ । श्रीमद्देवीभागवत अनुसार आफ्नो यजमानको लागि सदैव शुभ मात्र चिताउने, अशुभको कल्पनासम्म नगर्ने गुरू वशिष्ठ, देवी भगवतीको शरणमा जानु भएको भनेर वर्णन गरिएको देखिन्छ । देवी प्रकट भई वशिष्ठलाई राजा समेत भई सबैले देवी भागवत कथा श्रवण गर्ने सल्लाह प्रदान गरिन् ।

यसरी १ महिना पुरूष र १ महिना स्त्री बन्ने सुद्युम्न आफ्नो पिताको दरवार गए । यसवेला सुद्यम्न केवल दरवारकै अन्तरङ्गमा नै आफ्नो दिन बिताउथे । एक महिनाको स्त्री यौवन पछि पुनः अर्को महिना पुरूव भै राजकाज पनि हेर्दथे । उनको यस्तो चरित्र बुझेका देशका प्रजाहरू उनीप्रति सन्तुष्ट थिएनन् । सुद्युम्नलाई पहिले प्रतिष्ठान नगरिएको उत्तराधिकारी मात्र बनाइएको थियो । पिताको राज्य पाएका भने थिएनन् ।

जगन्माता भगवतीको अनुकम्पाद्धारा राजाले नियमपूर्वक नवरात्रभर श्रीमद्देवी भागवत श्रवण, देवी अर्चन पूजाबाट १ महिना पुरूष १ महिना स्त्री बन्ने सुद्युम्न सदाको लागि पुरूष बन्न गए । उता श्राद्धदेव पनि देवर्षि नारदद्वारा प्राप्त देवी भगवतीको नवाक्षर जसलाई नवार्ण मन्त्र भनिन्छ; जप ध्यान र भक्ति गर्न लागे । जसको कारण, आफ्नो भक्तहरूको उद्धार गर्न जगज्जननि भगवती साकार रूपमा प्रकट भै दर्शन दिनु भएको देखिन्छ ।

जजाप मन्त्र भत्यर्थं प्रेम पूरित मानसः ।
परितुष्ठा तदा देवी सगुणा तारिणी शिवा ॥

(देवी भागवत १/१२/३८)

आफ्नो पिता दण्डकारण्यतर्फ गएपछि राजकाजमा लागेका सुद्युम्नका उत्कल, गय र विमल नामका तीन पुत्रहरू भए । सुद्युम्नको वर्णन गर्ने ग्रन्थ तथा पुराणहरूमा विमल नामक छोरालाई विनत नामबाट चिनाइएको पाइन्छ । श्राद्धदेव मनुपछि राजा बनेका सुद्युम्न पनि आफ्नो उमेर रहँदै चन्द्रमाका छोरा बुधवाट जन्मिएको आफ्नो प्रथम पुत्र पुरूरूवालाई राज्य दिई तप गर्न गएको वर्णन पुराणहरूबाट बुझिन्छ ।❖

– चागुनारायण न.पा. न्यौपाने गाउँ, भक्तपुर

गाई, सुन, चाँदी, रत्न, विद्या, तिल, कन्या, हात्ती, घोडा, सैया, वस्त्र, भूमि, अन्न, दुध, छाता र आवश्यक सामग्री सहित घर; यी सोह्र वस्तुको दानलाई महादान भनिन्छ ।

– स्कन्दपुराण

नेपाल टु लिड द वर्ल्ड

– गोपालकुमार मैनाली

पचास बर्ष अगाडि तत्कालीन वडा गुरूज्यु, नाट्य सम्राट बालकृष्ण सम, राष्ट्रगुरू योगी नरहरिनाथले नेपालमा भव्य स्वागत गरेका सन्तको नाम हो– महर्षि महेश योगी । 'विश्वव्यापी आध्यात्मिक पुनरोत्थान आन्दोलन' अन्तरगत विश्व भ्रमण गर्ने क्रममा महर्षिजी र उहाँको समूहले २०३१ सालमा नेपाल भ्रमण गरेको थियो । नेपाल भ्रमणका क्रममा काठमाडौं र पोखरा बसाइमा हजारौंको संख्यामा सर्वसाधारणलाई ध्यान–योग सिकाउनु भएको थियो । उहाँको उद्घोष थियो– "ध्यान योगका माध्यमबाट विश्वमा सतोगुणको लहर फैलन्छ ।"



योगीजनहरू, ऋषिमुनिहरू, तपस्वी, साधक साधिकाहरू भविष्य द्रस्टा हुन्छन् । सुदुर भविष्यको गणित गणना गर्छन् । सुख र दुःख परिणामको पूर्वानुभूति गर्छन् । सनातनदेखि अस्तित्वमा रहेका कतिपय ग्रन्थ, शास्त्र आज पनि जीवनोपयोगी, शाश्वत र अकाट्य छन् । तत्कालीन परिस्थिति, परिवेश, वातावरण, अवस्थामा रचित शास्त्रलाई वर्तमानका आँखाले हेर्दा अव्यवहारिक, असामाजिक, जातीय, वर्ण, वर्ग बिरोधि पक्कै देखिन्छ । आधुनिक सभ्य भनिने समाजका चेतनाले समाजमा व्याप्त कुरिति, संस्कार, चिन्तन, मान्यतालाई समयानुकूल पर्गेल्नु पर्छ । त्याग्नु पर्ने त्याग्नु पर्छ र समयानुकूल बनाउनै पर्छ । शास्त्रले यो भन्छ भनेर ढुङ्गाको अक्षर सरह बहस पैरवी गर्ने दुराशयले समाज अगाडि जान सक्दैन । समय क्षण–क्षणमा गतिवान छ, परिवर्तनशील छ, तसर्थ समयको लय समातेर हिंड्नु नै बुद्धिमानी ठहर्छ ।

मानवीय चेतनाको उच्चतम उपयोग नगर्ने, प्रविधिलाई नअंगाल्ने, विश्वले देखाएको जीवन सहजताको बाटोमा नहिंड्ने मान्छे पक्कै पनि पछाडि पर्छ । चेतना विकास जीवनको मुल मन्त्र बन्नु पर्छ भनेर महर्षि जी भन्नुहुन्थ्यो ।

आजको युवापुस्ता कुनै धर्म, पन्थ, सम्प्रदायमा अन्धभक्त भएर लाग्दैन । ऊ तर्क गर्छ, सामाजिक मान्यता, मूल्य, आदर्श, संस्कारलाई आजको आधुनिक विज्ञान सम्मत ज्ञानसँग दाँज्न चाहन्छ । जीवन उपयोगी ज्ञानको वकालत गर्छ । परम्रागत, रूढीबादी, अन्धविश्वास र बाजे बराजुले मानेकै भरमा मैले पनि मान्नुपर्छ भन्ने कतै मान्यता राख्दैन । युवा सोच, चिन्तन, विचार र भावनाको समयानुकूल सम्मान गर्नैपर्छ । महर्षिजी युवालाई नयाँ गतिमा दौडाउन चाहनु हुन्थ्यो ।

विगत कोरोना कहरले नकारात्मक कुरा मात्रै पनि दिएन । कोरोना कालमा घरमै कैदी जीवन बिताउन बाध्य बनेको विश्व समाज एकपटक प्रकृतितर्फ फर्कन बाध्य बन्यो । आत्मदर्शन, ध्यान, योग, प्राणायामले विश्वव्यापी रूपमा जीवन बुटीको काम गऱ्यो । घरमै बसेर संचार माध्यम, सामाजिक संजाल, युट्युब आदि हेरेर सन्त, महन्तका प्रवचन प्रसस्तै सुनिए, जीवन शैली अपनाइयो, यसै प्रसंगमा पतंजलीको योग, योगानन्द, विवेकानन्द,

महर्षि महेश योगी र रजनिश आदिका ध्यान योगको प्रसस्तै उपयोग हुन गयो ।

कोरोनाको महामारी फैलिएर घरघरमा बन्दी जीवन नबनेको भए कस्ले सुन्थ्यो पतन्जलीका प्राणायामका कुरा, महर्षि महेश योगीका ध्यानका कुरा, गुर्जो र बेसारका कुरा, तुलसी र पारिजातका चियाका कुरा । प्रकृतिसम्मत जीवन बाँच्न थाल्नेले कोरोनालाई जिते र आज छाती फुलाएर बाँचेकोमा मान्छे गर्व गर्छ ।

आजभन्दा हजारौं वर्ष पहिले नै हाम्रा ऋषिहरूले आजको भयावह समयको आँकलन गरेका थिए । साठी – सत्तरी बर्ष अगाडिदेखि विज्ञानसम्मत रूपमा ध्यान योग, प्राणायाम र आयुर्वेदको महत्त्वका बारेमा पश्चिमी जगतमा ज्ञान फैलाउने श्रेय योगानन्द, विवेकानन्द, महेश योगी, रजनिशहरूले गरेका थिए । पछिल्लो कोरोनाकालमा मात्रै मान्छेले यसको महत्त्व बुझ्यो र अपनाउन बाध्य भयो ।

महर्षि महेश योगीको योजनामा कुनै पनि समाज समस्या रहित हुन्थ्यो, मानिसमा दुःख पीडा हुँदैनथ्यो । उहाँ यस्तो विश्व चाहनु हुन्थो, जहाँ स्थायी शान्ति होस, समाजमा सौहार्दता र धार्मिक सहिष्णुताको वातावरण बनोस । सम्पूर्ण मानव जातीले गरिमामय जीवन बाँच्न सकुन त्यसका लागि आर्थिक सम्पन्नता साथै शिक्षामा नैतिक मूल्य मिसिएको होस् ।

महर्षिजी भन्नुहुन्थ्यो– "मानिस पीडित हुन जन्मेका हैनन, उनीहरू त आनन्द प्राप्त गर्न यो संसारमा आएका हुन् । आनन्दको स्थिति स्वतः प्राप्त हुनु पर्छ । यो आनन्द सबैको जीवनमा सरल मानसिक प्रक्रियाको अभ्यासबाट प्राप्त हुन सकोस् यही मेरो चाहना छ ।" यही चाहना पूरा गराउन उहाँले ध्यानको सरल र विज्ञानसम्मत युक्ति विश्वलाई उपहारमा दिनुभयो, आज विश्वका १९२ देशमा उहाँको यो ध्यान विधिको ज्ञान फैलिएको छ ।

मानव शरीरको नाभिमा उपचार गर्‍यो भने रोगव्याधिबाट मुक्ति पाइने आयुर्वेदको मान्यता छ । यही मान्यता अनुरूप विश्वको विकराल समस्याको समाधान समेत नाभि स्थलबाटै उपचार गरी ठिक पार्नु पर्छ भन्ने ठानी विश्वको नाभि स्थान वर्तमान नेदरलैण्डको भेलड्रप त्यसैगरी भारतको ब्रह्मस्थान मध्यप्रदेशको किटनी र नेपालीको ब्रह्मस्थान पोखरालाई केन्द्रमा राखेर ध्यान योगको कार्यक्रम अगाडि बढाउनु भयो । नेदरलैण्ड र भारतमा सफलतापूर्वक योजना अगाडि बढे र काम पनि भयो तर नेपालमा भने महर्षिजीको योजना लागु हुन सकेन ।

नेपाल भ्रमणका क्रममा काठमाडौं र पोखरामा भएको सत्संगमा अपार जिज्ञासु सहभागीहरू देखेर उत्साहित हुनुभएका सन्त महर्षि महेश योगीले उद्घोष गर्नुभयो– नेपालीको ब्रह्मस्थान (नाभि स्थान) पोखरा आसपासमा आधुनिक सुविधा सम्पन्न बाह्र तले टावर निर्माण गर्ने ।



जुन भवनबाट प्रकृतिका सारा कानूनको व्यवस्थापन गर्ने, वैदिक बाङ्मयका बाह्र क्षेत्रको प्रशासनिक मुख्यालय त्यसै भवनलाई बनाउने र नेपाललाई पूर्ण वैदिक राष्ट्र बनाउने भन्ने थियो ।

ध्यान, योग, यज्ञ, वास्तु, ज्योतिष, संगीत, शिक्षा, प्रशासन, आदिको केन्द्र उक्त बाह्र तले भवन बनोस भन्ने उहाँको चाहना थियो ।

नेपालमा उक्त प्रयोजनका लागि सय रोपनी जग्गा लिजमा लिन सरकारसँग प्रकृया अगाडि बढाइयो तर तत्कालीन सरकारले असहयोग गरेका कारण उक्त योजना तुहिन गयो । महर्षि महेश योगीको उक्त योजना

नेपालमा लागू हुन सकेको भए आज विश्वमा नेपालको छवि उज्ज्वल हुने थियो । महर्षिजीका विश्वभरि छरिएर

रहेका भक्तहरूको नेपाल एउटा अनिवार्य गन्तव्य र वैदिक तीर्थस्थल हुने थियो । ध्यान योगको बिस्तारका माध्यमले समाजमा सतोगुण फैलिएर रामराज्यको स्थापनामा पाइला अगाडि बढने पक्का थियो ।

ऋषि, सन्त, महन्त, तपस्या गर्ने र ज्ञानको खोजिमा लाग्ने पिपासुहरूका लागि नेपाल एउटा तपस्थलि भूमि रहेको ऐतिहासिक महत्त्वलाई महर्षि महेश योगीले राम्रोसँग बुझ्नु भएको थियो । नेपालको महत्ता त्यतिमा मात्रै सिमित छैन । प्रकृतिका अनुपम छटाहरू, भूस्वर्ग जस्ता हिमाली र पहाडी दृश्यका बारेमा महर्षिजी विज्ञ हुनहुन्थो । विश्वको शिर सगरमाथा, हिमालमा टल्कने चाँदिका टाकुरा, बुद्धको जन्मस्थान भएका कारण शान्तिको सन्देश छर्ने एकमात्र ज्ञानभूमि नेपाल रहेको कुरा नेपाल बसाइका क्रममा महर्षिजीले राम्रोसँग अनुभूति गर्नुभएको थियो । नेपालीको निर्दोषपन, सहयोगी भावना, अपनत्व, बसुधैब कटुम्बकमको व्यवहार, अतिथि देवो भवःको स्वागत र सत्कारले पुलकित बन्नु भएका महर्षिजीले विदेश फर्कने क्रममा हामी नेपालीहरूका निम्ति ज्यादै ठुलो सन्देश दिएर जानुभयो । नेपालको महत्तालाई विश्वमा स्थापित गराउन उक्त समयमा मुक्तकण्ठले उद्घोष गर्नु भयो- Nepal to lead the world .(नेपालले विश्वलाई नेतृत्व दिन सक्छ ।)

आजभन्दा पचासौं बर्ष अगाडि नै एकजना भारतीय सन्तले नेपालको महत्त्वलाई, नेपालको प्राकृतिक र साँस्कृतिक वैभवलाई, सभ्यता र इतिहास, वीरता, पराक्रम, सौर्यता अनि गौरवतालाई बुझेर नै यो उद्घोष गर्नुभएको थियो । ऋषि, महर्षि भनेका युग द्रष्ठा र चेतनाको उच्चतम कोटीको प्रयोगकर्ताका रूपमा चिनिन्छन् । समयले पचास बसन्त पार गरे पनि हामीले आफ्नो महत्त्व बुझेनौं । अरूले बुझाउनु पर्छ, दुःखद पाटो ।

महर्षि महेश योगीले भनेको मार्गमा सोही अनुसार योजना, कार्यक्रम बनाएर लागू गर्न सकेको भए देशमा सतोगुणको उभार आउने थियो । रामराज्यको कल्पना यथार्थमा देख्न पाइने थियो । ध्यान, योग, यज्ञको सही प्रयोगका माध्यमले समाज यसरी अराजक बन्ने थिएन । समाजमा भाइचारा, विभेद रहित, सहिष्णुताको विकास हुने थियो ।

महर्षिजी नेपाल आउनुपूर्व नै संसारमा दुःख र निराशामा बाँच्न विवश मानिसका जीवनमा उत्साह भरेर मनोबल उच्च बनाउने ज्ञान बाँडेबापत महर्षि महेश योगीलाई "आशाको ज्योति जगाउने मान्छे" (Man of hops) द्वारा सम्मान र पुरस्कृत गरिएको थियो । त्यसैगरी ग्रीसमा ध्यान योग सिकाए बापत ग्रीसको डल्पी नगरपालिका परिषद्का तर्फबाट डल्पीका मेयरमार्फत उहाँलाई स्वर्णपदक (Gold medal) बाट समेत सम्मानित गरेको थियो ।

त्यस्ता सन्त जसले पचास बर्ष पहिले नै नेपाल आएर नेपाललाई विश्वमा चिनाउने प्रयास गर्नुभयो, अमेरिका, युरोप, अफ्रिका, जस्ता देशमा वैदिक ज्ञानको ज्योति फैलाउनु भएर आज विश्वका १९२ देशका मानिसहरूले महर्षिजीको ज्ञानलाई कुनै न कुनै रूपमा आत्मसात गरेका छन् । तिनै महान सन्त नेपाल आगमनको पचासौं बार्षिकोत्सव (स्वर्णमहोत्सव) का अवसरमा महर्षिजीप्रति श्रद्धा अर्पण गर्नु हामी नेपाली सबैको दायित्व हुनेछ ।❖

-भीमसेनगोला, काठमाडौं

दुप्चेश्वर महादेव दर्शन

- अर्जुन लामिछाने



हाम्रो यात्रा सामाखुशी टोखारोडबाट करिव ६:४५ मा आरम्भ भयो । त्यहाँबाट टोखा-सपनतीर्थ-झोर हुँदै शिवपुरी गुर्जेभञ्याङ पार गरेपछि काठमाडौंलाई पछाडि पारेर हामी नुवाकोट जिल्लातर्फ अगाडि बढ्यौं । नुवाकोटको शिवपुरी गाउँपालिका अन्तरगतको त्यो ओरालो रोडको यात्रा निकै रोमाञ्चक रह्यो । हरियाली जङ्गल, दर्जनौं खोल्साहरूमा माथिबाट झरेका झरना, ढलान गरिएको पक्की सडक, ठाउँ ठाउँमा चियापसल, होटल रिसोर्ट, तर प्रायः सबै जङ्गल, यस्तै रमाइलो यात्रा गर्दै हामी छहरे झरेको पत्तै भएन । छहरेबाट फराकिलो थानसिंङ फाँटको यात्रा पुरा गरी हामी लिखुखोला मोटरपुलमा पुग्यौं । सो पुलबाट दुप्चेश्वर महादेव उत्तरतर्फ अवस्थित रहेको छ भने नुवाकोट सदरमुकाम विदुर पश्चिमतर्फ ।

लिखु खोलाको पुलमा दुप्चेश्वर महादेव मन्दिरसम्मको दुरी २५ किमी लेखिएको रहेछ, त्यसैले आधाभन्दा बढी बाटो काटिएको महसुस भयो । किनकि त्यहाँबाट काठमाडौं टोखासम्मको दुरी ३१ किमी लेखिएको थियो । हामी पुल पार गरेर सिधै उत्तरतर्फ अगाडि बढ्यौं । पञ्चकन्या गाउँपालिकाको पट्टाबारी, शहरेटार हुँदै हामी तादी नदीको पुल पार गर्न पुग्यौं । त्यसपछि सिधै उत्तरतर्फ यात्राको क्रममा लिखु गाउँपालिका अन्तरगत दोर्जे खोला पार गरेर सल्लाघारीको उकालो पार गरेपछि खरानेटार, सातबिसे हुँदै हामी समुन्द्रटारको वारिपट्टि पुग्यौं । त्यहाँसम्मको बाटो प्रायः पिच नै थियो । त्यहाँ दुप्चेश्वर महादेव ४.५ कि.मी. भनेर लेखिएकोले हाम्रो गन्तव्य टाढा नरहेको हामीलाई स्पष्ट भयो ।

त्यहाँबाट अझ उकालो लाग्ने क्रममा बाटो अलि अफ्ट्यारो हुँदै गएको महसुस भयो । अघिल्लो दिनतिर खाल्टा खुल्टीमा ग्राभेल भरिएको रहेछ, त्यसैले यात्रा केही सहज भयो । त्यसबीचमा एउटा निकै ठूलो पहिरो

साउन महिना विशेष गरेर भगवान् शिवको आराधना उपासना गर्ने महिना हो । भगवान् शिवलाई आशुतोष भनेर पनि चिनिन्छ । थोरै मात्र भक्तिले पनि प्रशन्न हुने भएकोले उहाँलाई आशुतोष भनिएको हो । यसको ज्वलन्त उदाहरण उहाँ जलप्रेमी हुनुले नै पुष्टि गर्दछ । साउन महिना जताततै पानीको मुल फुट्ने महिना हो । साउनमा पानीभन्दा सस्तो र सजिलै उपलब्ध हुने कुरा के हुनसक्ला ? साउनमा शिवजीलाई चढाइने महत्त्वपूर्ण सामग्री पनि जल नै हो । यसैले जल चढाउनकै लागि साउन महिनामा लाखौं भक्तजनहरू बोलबम बोलबम भन्दै शिवालयहरूमा जान्छन् । यही साउन महिनाको अन्तिम दिन ३१ गते शनिबार शिवालयको दर्शन गर्ने क्रममा हाम्रो रोजाइमा पऱ्यो नुवाकोटको दुप्चेश्वर महादेव ।

अघिल्लो दिनको योजना अनुरूप विहानै नित्यकर्म सकी आफ्नो निवास सेतोपुलबाट करिरोडको बाटो हुँदै सुकेधारा पुगें । त्यहाँबाट नगरवस चढी सामाखुशीमा ओर्लें । केही समयमा भतिज प्रकाश त्यहीं आयो, नजिकैको पेट्रोलपम्पमा अर्का सहयात्री सुजन श्रेष्ठलाई केहीबेर प्रतिक्षा गरियो । उनी आएपछि हामी दुईवटा मोटरसाइकलको साथमा तीन जना दुप्चेश्वर यात्रामा अगाडि बढ्यौं ।

आएर केही दिन अगाडि सडक अवरूद्ध गरेको रहेछ । तर त्यसले यात्रालाई वाधा पुऱ्याएन । त्यहाँबाट अगाडि बढ्दै हामी रामती गाउँमा पुगेपछि दुप्चेश्वर महादेव मन्दिरको चहलपहल देखियो । त्यहाँबाट केही अगाडि बढेर हामी मुख्य सडक छोडेर वायाँ तादीखोलाको किनारतर्फ अगाडि बढ्यौं । नदीको किनार पुग्नै लाग्दा त्यहाँ एउटा हाइड्रो पावरको ड्याम बनाउँदै गरेको देखियो । त्यसैको नजिक मोटरसाइकल पार्किङ गरी त्यहींसँगै रहेको फूलपसलमा केही पूजा सामग्री खरिद गरी हामी मन्दिरतर्फ अगाडि बढ्यौं ।

त्यहाँबाट तादीखोला (जसलाई सूर्यकुण्डबाट उत्पत्ति भई आएकी हुनाले सूर्यवती पनि भनिदो रहेछ) पार गर्न झोलुङ्गेपुल बनाइएको छ, झोलुङ्गेपुल हल्लिने हुँदा कतिपय तीर्थयात्रीलाई यात्रामा असहज महसुस भएको पनि पाइयो । त्यहाँबाट सिधै मन्दिर दर्शनको निम्ति पहराको फेदीमा पुग्यौं । जुत्ताचप्पल ऱ्याकमा राखेर धारामा हातगोडा धोएर सिंढी हुँदै अगाडि बढ्यौं । सिंढीमा दुवैतिर रेलिङ, माथितर्फ फाइवरको छाना, मन्दिर दर्शन गर्न जाने र फर्कने प्रयोजनका निम्ति छुट्दै मार्ग, असक्त र जेष्ठ नागरिकको निम्ति अलगमार्ग, निकै व्यवस्थित गरिएको महसुस भयो ।

करिव ४० मिटर जति भक्तजनहरू हामीभन्दा अगाडि मन्दिर दर्शनको निम्ति लाइनबद्ध थिए, हामी पनि लाइनमै प्रतिक्षामा बस्यौं । गणेश अनि देवीको दर्शन गर्दै हाम्रो मूल गन्तव्य दुप्चेश्वर महादेव समीप पुग्यौं । आफूले लगेका सामग्रीले आफैंले पूजा गर्न पाउने, दुध गङ्गाजल आदिमा कुनै रोकतोक लगाइएको रहेनछ । मैले पनि अन्य पूजा सामग्रीको अतिरिक्त दुध पनि लगेको थिए, भगवान्को शिरमा अभिषेक गराउन पाउँदा निकै आनन्दानुभूति भयो ।

दर्शन पूजा सकिएपछि फर्कने क्रममा अलि अगाडि धुप/दीप बाल्ने स्थान रहेछ, बालेर भगवान्लाई अर्पण गरी ओरालो लाग्यौं । अझ तल झर्दा त्यहाँ स्थापना गरिएका १२ ज्योतिर्लिङ्ग सहितका शिवलिङ्ग दर्शन गरेर जुत्ताचप्पल कक्षमा आई आआफ्नो जुत्ताचप्पल लगाएर हातगोडा धोइ झोलुङ्गेपुल हुँदै केही तस्वीर कैद गरी मोटरसाइकल पार्किङ्ग गरिएको स्थानमा आयौं । फर्कने क्रममा नागवेली नदी, हरिया फाँट, अग्ला पहाडका मनमोहक दृष्यावलोकन गर्दै बीचमा फलफूल र हल्का नास्ता गरी अपरान्ह ४:०० बजे निवास आइपुग्यौं ।

दुप्चेश्वर मन्दिरलाई सानो पशुपति पनि भनिदो रहेछ । भगवान् पशुपतिनाथ र यहाँको मन्दिरको उत्पत्तिको विषयमा एकै प्रकारको किंवदन्ती प्रचलित रहेको पाइयो । यो मन्दिर पनि गाईले पत्ता लगाएको मान्यता रहेछ । पौराणिक कथन अनुसार करिब चार सय वर्षअघि एक स्थानीय वासु तामाङको दुहुनो गाई गोठालोमा हराएपछि सपनामा उनलाई गाई रहेको स्थानबारे एक जोगीले जानकारी गराएका र त्यसपश्चात् गाउँलेहरू ठाडो पहरोमा रहेको उक्त स्थानमा लट्ठा चढी हेर्न जाँदा उक्त गाईले स्वउपत्ति भएका महादेवको मन्दिरमा आफ्नो चारवटै थुनबाट दूध चढाइरहेको भेटिएपछि "दूधेश्वर" बाट अपभ्रंश हुँदै "दुप्चेश्वर" नामकरण हुन गएको भनाइ छ । अर्को समानता के रहेछ भने यो मन्दिर पनि गौचरनको समीममा रहेको पाइयो ।

दुप्चेश्वर गाउँपालिका वडा नं ६ (साविक राउतेबेसी गाविस)मा अवस्थित यस महादेव मन्दिर पछिल्लो समय नुवाकोटको मात्रै नभइ धादिङ, रसुवा, काठमाडौं, गोरखा लगायतका जिल्लाका भक्तजनहरूको प्रमुख गन्तव्यको रूपमा विकसित हुँदै गएको पाइयो । यहाँबाट गोसाईकुण्ड जाने सबैभन्दा छोटो पदमार्ग भएकोले समेत यो मन्दिरमा भक्तजनको चहलपहल अझ बढेको हो ।

यो मन्दिर हिन्दु र बौद्ध धर्मावलम्बीहरूको समान आस्थाका केन्द्रको रूपमा लिइन्छ । अन्य शिवालयहरूमा जस्तै साउने सोमबार, बालाचतुर्दशी, शिवरात्रि आदि पर्वहरूमा भक्तजनहरूको उल्लेख्य उपस्थिति हुने भए पनि धान्यपूर्णिमा (मार्ग शुक्ल पूर्णिमा)को अवसरमा यहाँ विशेष मेला लाग्ने गर्दछ । भक्तजनहरू आफ्नो मनोकांक्षा पूरा हुने विश्वासका साथ यस महादेवको दर्शन गर्ने गर्दछन् । विशेष गरेर विवाह नभएकाहरूको विवाह हुने र सन्तान नभएकाहरूको सन्तान प्राप्ति हुने, नब्याएका गाईबस्तुको समेत दाम्लो लगेर चढाएमा ती गाईबस्तु ब्याउने विश्वासका साथ भक्तजनहरूले भाकल गर्ने गरेका र सो भाकल पूरा भएपछि यस मन्दिरप्रति अझ विश्वास बढेको स्थानीयहरूको भनाइ पाइयो ।❖ –सेतोपुल, काठमाडौं

स्वर्ग-नरक

पं. श्रीराम शर्मा आचार्य



ईश्वर अत्यन्त दयालु छन् । उनले इच्छापूर्वक कार्य गरेर सत्-चित्-आनन्द प्राप्त गर्न प्राणीहरूलाई स्वतन्त्रता दिएका छन् । जसले गल्ती गर्दछ ऊसँग परमात्मा क्रुद्ध हुँदैनन् र कुनै द्वेष भावनाले दण्ड पनि दिंदैनन् । वरू उनले यस्तो व्यवस्था गरिदिएका छन् कि जीवहरू आफूले गरेका गल्तीहरूबाट अनुभव लिंदै आगामी कार्य गर्न बढी योग्यता प्राप्त गरून् । स्वर्ग-नरकको रचना यसै दृष्टिकोणबाट गरिएको छ । न्यायाधीशले कसैलाई पनि खराब नियतले जेल पठाउँदैन । उसको हार्दिक इच्छा यो हुन्छ कि त्यो मान्छेले गल्तीको परिणाम अनुभव गरोस् र यसबाट शिक्षा लिंदै भावी जीवन असल बनाउने प्रयत्न गरोस् । मृत्युपछि जीवलाई स्वर्ग या नरक प्राप्त हुन्छ । यो कुरालाई संसारका सबै धर्महरू एकमतले स्वीकार गर्दछन् । यसमा कुनै सन्देहको कुरा छैन । निश्चय नै हामीले मृत्यु र पुनर्जन्मको बिचमा स्वर्ग-नरकको अनुभव गर्नुपर्दछ । यसमा परमात्माको इच्छा यही रहन्छ कि यस स्वर्ग नरकको व्यवस्थामार्फत मृतकको पूर्वका गल्तीहरूको संशोधन हुनेछ र भावी जीवनको बाटो निरापद र सुरक्षित बन्नेछ ।

अदृश्य चेतनाले तीन वर्ष वा जति समय जीवात्मालाई परलोकमा बस्न आवश्यक ठान्दछ, त्यसको पहिलो एक तिहाई भाग निन्द्रामा व्यतीत हुन्छ किनभने पूर्वजन्ममा गरेको परिश्रमको यस समयमा यति थकान हुन्छ कि प्राणी यस समयमा अचेतन जस्तै रहन्छ । क्लोरोफर्म सुँघाएर बेहोस पारिएको रोगीले आफ्नो शरीर वा अङ्गको चिरफार भएको अनुभव गर्न नसकेजस्तै यसबेला ऊ दण्ड-शिक्षाको कुनै अनुभव गर्न सक्दैन ।

पहिलो एक तिहाई भाग बितेपछि भने जीव स्वस्थ र जाग्रत हुन्छ; अनि आगामी कार्यक्रमतिर ध्यान दिन्छ । तेस्रो तिहाई समयमा भने ऊ पूर्वजन्ममा ध्यान लगाउँदछ । उसको चेतनासँग सबै असल र खराब कर्महरूको लेखा वा पत्र-पत्रहरू बलियो गरी जोडिएका हुन्छन् । यी पत्रहरू एक एक गरी खुल्न थाल्दछन् । यसबेला उसको कर्मको विउ पाकिसकेको हुन्छ र फलको रूपमा देखा पर्दछ । यस समयमा पूर्वकर्मको स्मरण मात्र होइन कि फल पनि साथै आउँछ । जीवनमा हामी जुन जुन राम्रा नराम्रा काम गर्दछौं केही दिनमा भुल्दछौं पनि । तर, अन्तःकरणमा बसेको साक्षी रूप आत्माले ती सबै कुराको टिपोट गरिरहेको हुन्छ । मानौं तपाईंले चोरी गर्नुभयो । चोरी गर्दा अन्तरात्माले धिक्कार्छ तर हामी उसको कुरा सुन्दैनौं र चोरी गर्छौं । कसैले पनि चोरेको त देखेको छैन; त्यसैले प्रत्यक्ष रूपमा कुनै दण्ड पाउनुहुन्न । तर आत्माको क्षेत्रमा त्यो काम यसरी रोपिएको हुन्छ जसरी खेतमा गहुँ । समयान्तरमा हामी त्यो चोरी गरेको कुरा बिर्सन्छौं तर आत्माले बिर्सँदैन । आत्माको खेतमा त्यो बिउ निरन्तर बढ्न थाल्छ । आँपको बिउ रोप्दाखेरि त्यसको स्वरूप भिन्दै थियो; तर त्यसको परिवर्तित रूप आँपको वृक्ष अर्कै प्रकारको हुन्छ । पापको स्वरूप पनि सुरूमा अर्कै देखिन्छ तर त्यसको परिवर्तित रूप दुःख हुन्छ ।

नरकको वर्णन अनेक प्रकारले भएको पाइन्छ। विभिन्न धर्मावलम्बीहरूले नरकको रूपरेखा केही फरक बताएका छन् । कुम्भिपाक, वैतरणी, रौरव, दोजख, हेल आदिको वर्णन केही फरक-फरक हुन्छ। यी भिन्नताहरू अधुरा छन्, तर सत्य छन् । हाम्रो मतमा हरेक प्राणीको लागि अलग अलग प्रकारको नरक हुन सम्भव छ । यसप्रकार जति प्राणी थिए त्यति नै नरक थिए होलान् र भविष्यमा जति प्राणी हुनेछन् त्यति नै नरक बन्नेछन् । कारण के भने हरेक व्यक्तिको दृष्टिकोण अलग अलग हुन्छ ।

एकजना पण्डितलाई चर्पीमा बन्द गरिदियो भने तिनलाई मृत्युतुल्य कष्ट हुन्छ; तर एक जना पोडेलाई दिनभरि टट्टी सफा गर्दा पनि केही फरक पर्दैन । कुनै मानिसलाई सानो खटिरा आएमा पनि दर्द हुन्छ तर धेरै भिक्षा पाउने अभिप्रायले आफ्नो शरीरमा घाउ बनाएर हिंड्ने भिखारीको घाउ निको भयो भने उसलाई दुःख लाग्छ। केही मानिसहरू फाँसीको सजायँ सुनेपछि अत्यन्त भयभीत हुन्छन् तर केही मान्छे यस्ता पनि हुन्छन् जो फाँसीको डोरीलाई प्यारले म्वाईं खाएर गीत गुन्गुनाउदै डोरीको फन्दा आफै घाँटीमा लगाउँछन् ।

कुम्भिपाक नरकको सम्बन्धमा यसो भनिएको छ कि यो नरक भित्रपट्टि इनार जस्तो हुन्छ र मुखमा सानो छिद्र हुन्छ। इनार खन्ने वा इनारभित्रबाट पानी चलाउनेहरूलाई यसमा बन्द गरिदिएमा पनि कुनै नराम्रो लाग्दैन। कसैलाई एक थप्पड मार्दापनि खुकुरीले काटेजस्तो दुख्छ तर कसैलाई पचासौं पटक जुत्ताले हान्दा पनि दश मिनट पछि हाँसिरहेको देखिन्छ। यिनै सव कारणले गर्दा अलग अलग मानसिक स्थिति भएका मानिसहरूका लागि अलग अलग प्रकारका नरकको आवश्यकता पर्दछ ।

पुराणमा वर्णन गरिए अनुसार मृतात्मालाई यमदूतले घिसारेर नरकमा लैजान्छन् । यमदूत कुनै स्वतन्त्र प्राणी होइनन्, केवल जीवका मानसपुत्र मात्रै हुन् । जीव अन्तःकरणबाटै यमदूतलाई पनि उब्जाउँदछ । यी दूतहरू तबसम्म जिउँदो रहन्छन् जबसम्म प्राणीलाई नरकमा बस्न आवश्यक पर्छ, त्यसपछि उनीहरू मर्दछन् । एउटालाई दण्ड दिन पैदा भएका यमदूत अर्कोलाई दण्ड दिन जीवित रहँदैनन् । वास्तविक कुरा के हो भने परलोकमा भौतिक जीवन समाप्त हुन्छ र आध्यात्मिक जीवन प्रस्फुटित भइरहन्छ । वैज्ञानिकहरूको मतमा बाहिरी मन मर्छ, तर अन्तर्मन जीवित रहन्छ । वकिलको तर्क प्रमाण वा पण्डितको शास्त्रार्थ शक्ति यहाँ खोजेर पनि पाइँदैन । लुकाउने छिपाउने कौशल वा दम्भ याहाँ विलकुलै समाप्त हुन्छ । जुन अन्तरात्मामा पापको बिउ रोपिएको थियो त्यो खेत परिपक्व रूपमा त्यसरी नै सचेत हुन जान्छ जसरी जीवित अवस्थामा बाह्य-मस्तिष्क सचेत हुन्छ। मन, बुद्धि, चित्त, अहङ्कार र दश इन्द्रियको सम्मिश्रणबाट बनेको सूक्ष्म शरीर यसबेला त्यसरी नै अचेतन रहन्छ जसरी जीवित छँदा गुप्त-मस्तिष्क रहेको थियो ।

हामी देख्छौं कि एउटा सम्मोहन वा वशीकरण गर्ने व्यक्ति बाहिरी मस्तिष्कलाई कृत्रिम निन्द्रामा पारेर गुप्त मस्तिष्कलाई आज्ञा दिन्छ कि "तिमी पानीमा तैरिरहेका छौ" तब त्यो व्यक्ति विलकुल त्यही अनुभव गर्छ कि- म पानीमा तैरिरहेछु। साँच्चिकै पानीमा तैरिएको र यस झुटो तैरिएकोमा उसलाई विलकुलै फरक अनुभव हुँदैन। नरकको पनि यही कुरा हो । नरक र यमदूतको पनि कुनै अलग सत्ता हुँदैन र परलोकमा कुनै अलग न्यायाधीश, वकिल पनि बस्दैनन् । दैनिक अरबौं खरबौं जीवहरू मर्दछन् । यी सबैको लागि दण्ड दिन त्यसको दुईगुणा चौगुणा त यमदूत नै चाहियो । साथै, असंख्य कार्यालय, जेलखाना, नरक आदि पनि चाहियो। स्वतन्त्र रूपमा यति धेरै अलग अलग व्यवस्थाहरू हुन कुनै पनि प्रकारले सम्भव र सत्य देखिंदैन। अवश्य पनि हरेक व्यक्तिका लागि अलग अलग नरक हुन सक्छ; किनभने त्यो उसको साथैमा पैदा हुन्छ र साथैमा नष्ट पनि हुन्छ ।

अन्तरआत्मामा जमिरहेको पाप-संस्कार प्रकाशको रूपमा जब प्रकट हुन्छ तब यो यति शक्तिशाली हुन्छ कि सूक्ष्म शरीरले यसको सामुन्ने प्रस्तुत हुनुपर्दछ । सर्पको आँखाको तेजले तानिएर चराहरू उसको मुखमा पुग्दछन्। हुनसक्छ त्यसबेला तिनीहरू अनुभव गर्दछन् कि तिनलाई कुनै स्वतन्त्र जीवले समातेर लगिरहेको छ। यस्तै कर्मफलको शक्तिले फलको भोग गर्न आकर्षित गर्दा पनि सम्भवतः सूक्ष्म शरीरले अनुभव गर्दो हो कि यमदूत मलाई समातेर तान्दै लगिरहेको छ । यी यमदूतका रूप, रङ्ग, आकार प्रकार पनि अलग अलग हुन जान्छन्। हिन्दूको लागि टीका लगाएका, गदा बोकेका राक्षसको आकृति भएका हिन्दू नै

आउँदछन् । मुसलमानका लागि दाह्री पालेका र सम्भवतः टर्की टोपी लगाएका फरिस्ता आउलान् । अंग्रेजी यमदूत कोट, टोपी, नेकटाईले सुसज्जित होलान् । नेपाली, हिन्दी, अंग्रेजी, अरबी वा मृतक पूर्वजन्ममा जुन भाषा बोल्थ्यो त्यही भाषामा यी यमदूतले ऊसँग कुरा गर्दछन् । अलग अलग विश्वासका कारण यी दूतहरूको आकृति पनि अलग अलग देखिन्छ । एक व्यक्ति ठुला ठुला आँखामा र अर्कोले ठुला ठुला दाँतमा दिलचस्पी राख्दछ भने एउटाको यमदूत ठुला ठुला आँखा भएको र अर्कोको ठुलोदाँत भएको नै उत्पन्न हुन्छन् । यी यमदूतलाई "संस्कारको तेज" भन्न पनि सकिन्छ । यिनीहरू सूक्ष्म शरीरको इच्छाविरूद्ध दण्ड दिन पनि उपस्थित हुन्छन् ।

दुष्कर्मको फल हो- दुःख । सूक्ष्मशरीरलाई पीडा, वेदना, कष्ट दिन अन्तरआत्माले एउटा स्वतन्त्र नरक बनाइदिन्छ । जसमा गिद्ध, कौवा, रगत, पीप चुस्ने प्राणीहरू, वैतरणी पार गरेको, उल्टो पारेर झुण्ड्याएको, आगोमा जलेको, पिटेको जस्ता दृश्य तथा केवल अपमान गर्ने, घोचपेच तथा अप्रिय कुराहरू सुनाएर लज्जित गर्ने व्यवस्था पनि हुँदो हो । यो सव अलग अलग मानसिक स्थितिमा निर्भर हुन्छ । यो नारकीय सास्तीको मतलव के हो भने- जीवलाई कष्टको अनुभव होस् । पापकर्म र तिनको फल साथसाथै देखेर उसले जानोस् कि- यस कर्मको फल यो हुन्छ । जति दण्डले ऊ आफूलाई सुधार गर्न सक्छ, त्यति नै समय वा मात्रामा दण्ड हुनुपर्छ भन्ने मापदण्ड रहन्छ ।

न्यायाधीशले सानो अपराधको लागि सानै र ठुलाको लागि ठुलै दण्ड सजाय तोक्छ । कारण यो हो कि साना अपराध गर्नेको मनोभूमि पापमा अत्यधिक लिप्त नभएको ठानिन्छ र उसको सुधार छिटो र थोरै दण्डबाटै हुन्छ । तर, ठुला अपराध गर्ने व्यक्तिको कठोर मनोभूमिबाट आदतलाई उखेलेर फाल्न धेरै परिश्रम र समयको आवश्यकता पर्दछ । यस दृष्टिबाट नरकको यातनाको सीमा निर्धारित हुन्छ । जीवले गरेका दुष्ट कर्मका पत्र-पत्रहरू एक एक गर्दै उखेलिएर आफ्नो प्रभाव देखाउँदै नासिंदै जान्छन् । सूक्ष्म शरीरमा इन्द्रियहरू पनि हुन्छन् । यसैले शारीरिक पापका लागि शारीरिक र मानसिक पापका लागि मानसिक वेदना प्राप्त हुन्छ । जस्तो धेरै खाएपछि पेटमा आफै पीडा हुन्छ, खुर्सानी खाएमा आफ से आफ डाहा हुन्छ, त्यस्तै पापकर्मको फल प्राप्त गर्ने व्यवस्था अन्तरात्मा आफैले गर्दछ- अरू कसैको जरूरत पर्दैन । जुन पाप देखिने हुन्छन् तिनको फल प्रायः जीवित अवस्थामै मिल्दछ । तर जुन पाप भोगिएको छैन त्यसलाई परलोकमा भोग्नु पर्दछ । भगवान्ले यस्तो व्यवस्था मिलाइदिएका छन् कि नयाँ जन्म धारण गर्नु भन्दा पहिले नै जीवले पूर्व जन्ममा गरेका पापहरूको भुक्तान गरून् र आगामी जन्मको लागि पवित्र भएर बसुन् । परिणामस्वरूप उसको पुनर्जन्ममा पहिलेका पापको भारी बाँकी नरहोस् ।

सेनापति आफ्ना घाइते सिपाहीहरूलाई तबसम्म अस्पतालमा राख्छ जबसम्म तिनको घाउ निको हुँदैन । किनभने घाइते सीपाहीलाई पुनः युद्धमा पठायो भने निजले सेनापतिको उद्देश्य पुरा गर्न सक्दैन । किनभने उसलाई घाउको पीडाले कराउँदै वा छट्पटाउँदैमा फूर्सत हुँदैन- हतियार चलाउने त कुरै रहेन । यसैले केही बिशेष अवस्थाहरूलाई छोडेर जीवले प्रायः सम्पूर्ण पापहरू परलोकमै भोग्दछ र निर्मल बन्दछ । नरकको लाभ पापमुक्त हुनमा मात्रै सीमित छैन बरू यसबाट अर्को जुनीको लागि नराम्रा आदतहरू छुट्छन् र गल्तीको नतिजा पनि थाहा हुन्छ । चोरी गर्दा चोरको घाँटी सुक्छ, दुराचारीको खुट्टा काम्छ, हत्याराको ढुकढुकी बढ्न थाल्छ- यो पूर्वजन्ममा प्राप्त दण्डको सूक्ष्म स्मरण हो । तर दुःखको कुरा, मान्छे त्यस अन्तरआवाजलाई विल्कुलै वास्ता गर्दैन र उही पापको पिशाचीय फन्दामा फेरि जाकिन्छ ।

स्वर्ग

पापकर्मको फल नरक भएजस्तै पुण्यकर्मको फल स्वर्ग हो । पाप के हो र पुण्य के हो ? यो एउटा पेचिलो प्रश्न हो । यसबारेमा छुट्टै पुस्तक पनि प्रकाशित भइसकेको छ । अहिले यत्ति मात्रै बुझौं कि प्रेम र हार्दिक पवित्रताका साथ गरिएका काम पुण्य तथा स्वार्थ, कपटी आचरण र पाखण्डका साथ गरिएको कार्य पाप हो । पाप-पुण्यको व्याख्या दिमागले गर्न नसकेपनि सबैको अन्तरआत्माले त्यो कुरालाई राम्ररी बुझ्दछ । लाटो मान्छेले मिठाई वा निम्कीको स्वाद बताउन नसके पनि उसलाई स्वाद त थाहा हुन्छ । पुण्यकर्म गर्दा तत्काल आत्माभित्र एकप्रकारको शान्ति मिल्छ भने पापकर्म गर्दा डाहा वा ताप महसुस

हुन्छ । धार्मिक कृत्य वा कर्मकाण्डले मनको पवित्रताका लागि केही सहायता त गर्छ तर त्यो स्वयं कुनै धर्म होइन । शंख फुक्नाले वा घण्ट बजाउनाले कुनै धर्म हुँदैन, यसले मनोभूमिलाई पवित्र बनाउन केही सहायता मात्र गर्दछ । यदि कसैको मन दुष्ट छ र उसको मनमा दुर्भावना मात्रै उठ्छ भने कुनै कर्मकाण्डले उसलाई स्वर्ग लैजान सक्दैन । अज्ञानीहरू धार्मिक कर्मकाण्डलाई स्वर्ग पुग्ने साधन मान्दछन् । यथार्थमा त्यो अत्यन्तै कमजोर साधन मात्रै हो । धार्मिक रितिरिवाज धर्म हुन सक्दैन । दया, प्रेम, उदारता, सत्यपरायणता धर्मका अङ्ग हुन् । आत्मालाई सन्तोष दिने आन्तरिक सद्वृत्तिलाई नै पुण्य भन्न सकिन्छ । त्यसकै माध्यमबाट स्वर्ग प्राप्त गर्न सकिन्छ । अन्धविश्वासमा परिरहनु अध्याँरोमा हराउनु जस्तै हो । जसरी जीवनमा अनेक निस्प्रयोजन कार्यमा हामी समय नष्ट गर्दछौं धार्मिक परम्पराहरू पनि त्यस्तै हुन्, जसमा समय बर्बाद मात्र गरिन्छ र त्यसबाट परलोकको प्रयोजन रत्तिभर पनि सिद्ध हुँदैन ।

शुभकार्यले भित्री प्रसन्नता हुन्छ । यस्तो प्रसन्नता स्वर्गको रूपमा त्यसरी प्रस्फुटित हुन्छ जसरी पापकर्म नरकको रूपमा । नरकको विषयमा हामी जस्तो कल्पना गर्दछौं त्यो त्यस्तै वा मिल्दोजुल्दो देखिन पुग्छ । स्वर्गको कल्पना पनि त्यसैगरी सत्य हुन्छ । धर्मात्मा हिन्दुलाई स्वर्ग, बैकुण्ठ, ईन्द्रलोकको सुख मिलेमा र धर्मात्मा मुसलमानलाई "गिलमाको जन्नत" प्राप्त भएमा कुनै आश्चर्य मान्नुपर्ने छैन । किनभने स्वर्ग-नरक हाम्रो आजको दृष्टिकोणको कल्पना मात्रै हो, चाहे त्यो कल्पना त्यसबेला सत्य नै किन प्रतीत नहोस् । स्वर्गको सुख पनि निर्धारित समयसम्म मात्र रहन्छ । स्वर्गको आनन्द मिल्नुको उद्देश्य यो हो कि उसको आत्मिक योग्यता अझै चैतन्य र उत्साहित भएर आगामी जीवनमा झन् सूक्ष्म बनोस् । जुन व्यक्ति स्वर्ग-सुखको अधिकारी हुन्छ उसको इन्द्रिय-लिप्सा पहिले नै शान्त भइसकेको हुन्छ । यसैले स्वर्गलोक अज्ञानी मान्छेले ठानेजस्तो इन्द्रियवासना पूर्ति गर्ने साधनहरूले भरिपूर्ण हुँदैन । इन्द्रियका दास तथा वासनाका किराहरू स्वर्ग-सुखदेखि धेरै टाढा रहन्छन् । मद्यपान, वेश्यागमन, मैथुन आदिको नाम नै स्वर्ग हो भने यस्तो स्वर्गको लागि धेरै तप गर्ने आवश्यकता नै पर्दैन । पैसा खर्च गरेर त्यो यहीं भनेको बेलामा प्राप्त गर्न सकिन्छ । यथार्थमा स्वर्गको सुख भनेको इन्द्रियको सुख होइन, अन्तःकरण चतुष्टय (मन, बुद्धि, चित्त, अहङ्कार) को आनन्द हो, जुन इन्द्रिय सुखको तुलनामा धेरै उच्च दर्जाको हुन्छ ।

अध्यात्म-तत्त्वका जिज्ञासुहरू जान्दछन् कि आत्मामा अनन्त शक्ति हुन्छ । ईश्वरको अंश कुनै प्रकारले पनि अशक्त हुन सक्दैन । ऊ इच्छामात्रले पनि स्वर्ग-नरकको रचना गर्दछ, यसमा आश्चर्य र अविश्वासको कुनै कुरा हुँदैन । ईश्वरले इच्छा गर्नुभयो कि म "एक हुँ- धेरै भइजाउँ (एकोहं बहु स्याम्) -तब त्यो दृश्य जगत्‌को रूपमा प्रकट भयो । आत्माले इच्छानुसार जाग्रत अवस्था, स्वप्न अवस्था तथा सुषुप्ति अवस्थाको रचना गर्दछ । जन्म मरणलाई स्वर्ग बनाउँछ । त्यसैप्रकार स्वर्ग नरकको निर्माण गर्दछ । इच्छाले बन्धनमा बाँधिन्छ र इच्छाले मुक्त हुन्छ । यी सबै कुरा उसको निजी शक्तिभित्र पर्दछन् ।❖

(प्रस्तुत लेख मृत्यु र पुनर्जन्मः एक ध्रुवसत्य नामक पुस्तकबाट साभार गरिएको हो । लक्ष्मीप्रसाद त्रिपाठीले निकै मिहनेतका साथ गायत्री परिवारका संस्थापक युगऋषि पं. श्रीराम शर्मा आचार्यद्वारा लिखित मर्न हतार गर्नु हुँदैन, मरेपछि के होला ? मृत्युदेखि डराउनै पर्दैन र पुनर्जन्म एक ध्रुवसत्य नामक चार वटा कृति अध्ययन गरी ती कृतिमा समावेश भएका विभिन्न लेखहरूको नेपाली भाषामा भावानुवाद गरी एकीकृत रूपमा तयार पार्नुभएको यस पुस्तकलाई गायत्री परिवार नेपाल, गायत्री मन्दिर बाँसवारी, काठमाडौंले प्रकाशन गरेको हो । मृत्यु र मृत्युपछिको जीवनको विषयमा रूचि राख्ने जो कोहीलाई प्रस्तुत पुस्तक उपयोगी सावित हुने छ ।)

साधारण सभाका अवसरमा विभिन्न संस्था र व्यक्तित्व सम्मानित

सनातन धर्म सेवा समिति मोरङको साधारण सभा साउन २२ गते सम्पन्न भएको छ । समितिका अध्यक्ष प्रा. कविराज न्यौपानेको सभापतित्वमा र केन्द्रीय अध्यक्ष माधवप्रसाद न्यौपानेको प्रमुख आतिथ्यतामा विराटनगरमा सम्पन्न सभामा धर्म, संस्कृति र शिक्षा क्षेत्रको प्रवर्द्धनमा योगदान पुऱ्याउने विभिन्न ६ संस्था तथा व्यक्तित्वहरूलाई विशेष सम्मान प्रदान गरिएको थियो । जसअनुसार, शिवादत्त रमादेवी भट्टराई वैदिक धर्म संस्कृति पुरस्कार–जानेकीश्वर गुरूकुल विद्यालय, गौरादह, झापा; किसनलाल–रूक्मिणिदेवी राजगढीया धर्म संस्कृति पुरस्कार– वेद–वेदांग संस्कृत पाठशाला, साधुटार, झापा; ओमप्रकाश–उषादेवी गोयल धर्म संस्कृति पुरस्कार–आध्यात्मिक विषयमा केन्द्रित पत्रिका 'गौरी' मासिक, काठमाडौं; आसकरण–यशोदादेवी

राठी धर्म संस्कृति पुरस्कार– कालिका संस्कृत विद्यापीठ, अर्जुनधारा, झापा; गंगाविशन राठी स्मृति शिक्षा सनातन धर्म संस्कृति पुरस्कार–रूद्रेश्वर शिवालय, विराटनगर– ४ र बलभद्र रिजाल नारायण विष्णु हिन्दु धर्मसेवा सम्मान पुरस्कार–अरूण आध्यात्मिक केन्द्र, भोजपुरलाई प्रदान गरिएको थियो ।

सो अवसरमा समितिका अध्यक्ष प्रा. कविराज न्यौपानेले धर्म र राष्ट्रको सम्बन्धबारे धारणा व्यक्त गर्दै सनातन धर्म, संस्कृति र कलाको उचित संरक्षणबाट मात्र राष्ट्र बलियो, समुन्नत र नैतिकतायुक्त बन्न सक्ने बताउनुभयो । वर्तमान समयमा धर्मको नाममा केही विकृत धारणा र कर्महरू फैलिरहेका र ती सत्य सनातन मार्गबाट भट्किएका हुनाले सम्पूर्ण मानवले मूल धर्मका सिद्धान्तहरूलाई आत्मसात् गर्दै धर्मको सही स्वरूपलाई जोगाउन अत्यावश्यक रहेको उहाँको भनाइ थियो ।

सभामा डा. मेदिनीप्रसाद शर्मा, जुगल राठी, लक्ष्मीप्रसाद खतिवडा, रघुनाथ रिजाल, सोमप्रसाद कोइराला, इन्दिरा रिजाल, पं. माधवप्रसाद काफ्ले, शिरोमणि भट्टराई, प्रकाशदत्त भट्टराई, दिङ्गलाली कान्छो, प्रतिमा निरौला, लक्ष्मी पोखरेल र सरिता रेग्मीले पनि मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन गोकुल अधिकारीले गर्नुभएको थियो ।

लक्षचण्डी विराट् महायज्ञ २०८२ हुने

गलेश्वर आश्रमका पीठाधीश्वर अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजको सत्सङ्कल्पमा आश्रम स्थापनाको शतवार्षिकी (१०० वर्ष) को उपलक्ष्यमा आगामी माघ १८ गतेदेखि फागुन १७ गतेसम्म लक्षचण्डी विराट् महायज्ञ २०८२ को आयोजना हुने भएको छ । नेपालको इतिहासमै पहिलो पटक हुन गइरहेको एक महिनासम्म सञ्चालन हुने यस ऐतिहासिक अनुष्ठानात्मक बृहत् आध्यात्मिक, धार्मिक महायज्ञ सिद्धेश्वर महादेवको सान्निध्यमा आयोजना गरिने जनाइएको छ । लक्षचण्डी (एक लाख चण्डीपाठ एवम् हवन), साथै लक्षगणपति अथर्वशीर्षपाठ (एक लाख गणपति अथर्वशीर्ष पाठ), विविध साधना र अनुष्ठानसहित श्रीगणेशको एक हजार नामले दुर्वार्चन (दुबो) एवम् मोदकार्पण (लड्डु) अर्पण गरिनेछ । भगवान् लक्ष्मीनारायणका एक हजार नामले विशेष प्रकारको पुष्पार्पण (फूल) गरिने कार्यक्रम रहेको छ ।

"कलौ चण्डीविनायकौ" अर्थात् कलियुगमा भगवती महामाया चण्डी एवम् भगवान् श्रीगणेशको उपासना गर्नाले परिवारमा सुख, शान्ति, समृद्धि र राष्ट्रको अभ्युदय प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ । यही शास्त्रोक्त वचनलाई हृदयङ्गम गर्दै राष्ट्रशान्ति, समृद्धि र आत्मकल्याण, राष्ट्रवासीहरूको सर्वाङ्गीण एवम्

विश्वबन्धुत्वको भावना जागरणका लागि सो महायज्ञको आयोजना गरिन लागिएको महायज्ञका सङ्कल्पकर्ता स्वामी आत्मानन्द गिरिजी महाराजको भनाइ छ ।

वागीश्वरीको अध्यक्षमा पोखरेल चयन

सिर्जना अर्याल/ भरतपुर १

देवद्वार देवघाटधाममा रहेको श्री बागीश्वरी आध्यात्मिक परिषद् योगीनरहरीनाथ आश्रमको अध्यक्षमा सामाजिक तथा धार्मिक व्याक्तित्व अशोक पोखरेल सर्वसम्मत चयन हुनुभएको छ । परिषद्को गत साउन २४ गते सम्पन्न ३० औ साधरणसभा तथा ८ औ अधिवेशनबाट पोखरेल अध्यक्षमा चयन हुनुभएको हो । यसैगरि प्रथम उपाध्यक्षमा रामप्रसाद वस्ती, द्वितीय उपाध्यक्षमा शुकमाया भुजेल, महासचिवमा दुर्गाप्रसाद भण्डारी, सचिवमा कृष्णबहादुर के.सी, सहसचिवमा मित्रराज केसी, कोषाध्यक्षमा रिना कोइराला, सहकोषाध्यक्षमा दुर्गादेवी अधिकारी र सदस्यहरूमा प्रेमकुमारी तामाङ, बद्री तिमिल्सिना, दयामूर्ति पोखरेल, षडानन्द लामिछाने, महेन्द्र कार्की, कैलाश कोइराला, ज्ञानेन्द्रमान शाक्य, ऋषिकेश अर्याल, विनु पौडेल रायमाझी, सिर्जना अर्याल, गीता श्रेष्ठ पदमकुमार श्रेष्ठ, राजेन्द्र कुमार पिया र रूपा पिया निविरोध चयन हुनुभएको छ ।

अधिवेशनको उद्घाटन सत्र भरतपुर महानगरपालिका प्रमुख रेनु दहालको प्रमुख आतिथ्यतामा एवम् आश्रमका अध्यक्ष शैलेन्द्र कुमार पिया अध्यक्षता सम्पन्न भएको थियो । उद्घाटन समारोहमा वागमति प्रदेशका पूर्वमन्त्री कृष्णप्रसाद सिलवाल, पूर्व मन्त्री केशव कुमार श्रेष्ठ, प्रमुख संरक्षक योगी श्रीषनाथ, संरक्षक योगी वलभद्रनाथ लगायत महानुभावहरूले शुभकामना मन्तव्य दिनुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथी दाहालले महानगरले पर्यटन प्रवर्द्धनमा लागि परेको बताउनुहुँदै धार्मिक पर्यटन प्रवर्द्धनका लागि वागीश्वरी धामको संरक्षण जरूरी रहेको बताउनुभयो । सो अवसरमा उहाँले आश्रमको संरक्षणका लागि महानगरले सहयोग गरिरहेको र यसलाई निरन्तरता दिने बताउनुभयो ।

परिषद् उपाध्यक्ष राम वस्तीले स्वागत मन्तव्य दिनुभएको उद्घाटन समारोहमा गैडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारी तथा राष्ट्रगुरू योगी नरहरिनाथको सामाजिक रूपान्तरणमा योगदान रहेको स्मरण गर्नुहुँदै यस्ता धार्मिक र आध्यात्मिक व्याक्तित्वको तपस्थली क्षेत्रमा राजनिति नगर्न संझाउनु भयो । सन्त समाजका महासचिव प्रा.डा. गुरूप्रसाद सुवेदीले योगी नरहरिनाथ नित्य निरन्तर अध्यनशील हुनुभएको भन्दै उहाँको मार्गदर्शनलाई सदा सम्झनु पर्ने बताउनुभयो ।

दशमहाविद्या रूद्रहवन सम्पन्न

परमपुज्य गुरू श्री १००८ स्वामी महामण्डलेश्वर

कृष्णानन्द परमहंस (कालीदास बाबा)को सत्सङ्कल्पमा पशुपतिनाथ मन्दिर परिसर हंशमण्डप, वनकाली, काठमाडौंमा दशमहाविद्या रूद्रहवन सम्पन्न गरिएको छ । दश फरक फरक यज्ञ कुण्डमा हवन गर्दाको फल समेत फरक फरक प्राप्त हुने महायज्ञमा सहभागी पं. गोविन्द अधिकारीले बताउनुभयो । उहाँका अनुसार प्रथम चतुरस्रस्वरूप कुण्डमा हवन गर्दा कार्यसिद्धि, व्पपार वृद्धि र सफलता प्राप्त हुनेछ भने द्वितीय योनीस्वरूप कुण्डमा हवन गर्दा पुत्रप्राप्ति, सन्तानसुख, सन्तानवृद्धिका साथै सफलता प्राप्त हुनेछ । यही क्रममा अन्य हवन कुण्डमा हवन गर्दाको फल प्राप्त हुने उहाँले बताउनुभयो । गत साउन १४ गतेदेखि २४ गतेसम्म सञ्चालित महायज्ञमा बाबा स्वयंले खुर्सानीको हवन समेत गर्नुभएको थियो । महायज्ञ आयोजक समितिका अनुसार विश्वशान्ति एवम् राष्ट्रकल्याण, चराचर जगत् प्रकृतिको पूजा अर्चना गर्ने उद्देश्यले सो महायज्ञको आयोजना गरिएको थियो । ❖

चराचुरुङ्गीको संरक्षण गरौं !

चराचुरुङ्गीले:

- ❖ पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- ❖ चराहरूले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
- ❖ खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- ❖ फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरूवा उम्रनमा सहयोग पुऱ्याउँछ,
- ❖ एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- ❖ मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- ❖ चिरविर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ.
- ❖ जैविक विविधता वुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- ❖ प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार

विज्ञापन वोर्ड

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरू:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउण्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट
पनि पढ्न सकिन्छ ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क
डोनेशनमा पढ्न सकिने
जानकारी गराउँदछौं ।
देश तथा विदेशमा रहनु
भएका पाठक वर्गले सिधै
सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ ।

Your Printing Solution
"गुणस्तरीय छपाई,
सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८